दर्ता नं.: ११९२/०६४/०६५

# १६औं वार्षिक प्रतिवेदन

## आर्थिक वर्ष २०७९/०८०

“सहकारीको दिगोपना, स्वनियमन र सुशासन”



coop

# China Trade
## Multipurpose Co-operative Ltd.
## चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.


पो.ब.नं. : २५४६४
महाबौद्ध, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१४००२, ५७१४०४८
इमेल : info@chitcol.com
वेबसाईट : www.chitcol.com


16th ANNUAL REPORT
Fiscal Year 2079/080

# सञ्चालक समिति



रमेश कुमार श्रेष्ठ
कार्यवाहक अध्यक्ष

..............................
उपाध्यक्ष

..............................
सचिव



कृष्ण बहादुर गुभाजु
कोषाध्यक्ष



तुल्सी श्रेष्ठ
सञ्चालक



सुभाष अग्रवाल
सञ्चालक



पुजन श्रेष्ठ
सञ्चालक

# लेखा सुपरीवेक्षण समिति



रामेश्वर श्रेष्ठ
संयोजक



सुदिप कुमार रेग्मी
सदस्य



सुब्बा श्रेष्ठ
सदस्य

# सल्लाहकारहरु



रामकाजी कोने



कालु गुरुङ्ग



आजाद श्रेष्ठ



स्वरुप गुरुङ्ग कोने



राजेन्द्र मल्ल

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं

## विषय सूची


| क्र.सं. | विवरण | पृष्ठ |
|---|---|---|
| १ | १६औं वार्षिक साधारण सभाको सूचना | ३ |
| २ | सहकारीका परिभाषा, मूल्य र सिद्धान्तहरू | ४ |
| ३ | १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट कार्यवाहक अध्यक्ष रमेश कुमार श्रेष्ठले प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन | ५ |
| ४ | १६औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन | ११ |
| ५ | आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन | १४ |
| ६ | वित्तीय स्थितिको विवरण (वासलात) | १६ |
| ७ | नाफा/नोक्सान हिसाबको विवरण | १७ |
| ८ | खुद नाफा/नोक्सान बाँडफाँड हिसाब | १८ |
| ९ | नगद प्रवाह विवरण | १९ |
| १० | इक्विटीमा भएको परिवर्तनको विवरण | २० |
| ११ | वित्तीय विवरणहरूसँग सम्बन्धित अनुसूचीहरू | २१ |
| १२ | प्रमुख लेखा नीति र लेखासम्बन्धी टिप्पणी | ३४ |
| १३ | १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट कोषाध्यक्ष श्री कृष्ण बहादुर गुभाजुले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित आय व्यय विवरण (बजेट) सहितको वित्तीय विवरण | ३८ |
| १४ | सेयर सदस्यले बहन गर्नुपर्ने जिम्मेवारी | ४४ |
| १५ | बिक्रम सम्वत् २०८० सालको संस्था विदाको सूची | ४५ |
| १६ | संस्था दर्ता गर्दाको अवस्थामा रहेका सेयर सदस्यहरूको नामावली (२०६४/०४/०१) | ४६ |
| १७ | संस्थामा कार्यरत जनशक्तिको विवरण | ४६ |
| १८ | उपसमितिहरूको विवरण | ४७ |



## राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली ।
सार्वभौम भई फैलिएका मेची महाकाली ॥
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल ।
वीरहरूका रगतले स्वतन्त्र र अटल ॥
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल ।
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल ॥
बहुल जाती भाषा धर्म संस्कृति छन् विशाल ।
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ॥

## सहकारीका अन्तर्राष्ट्रिय सिद्धान्तहरू

तल उल्लेखित सहकारी सिद्धान्तहरू अन्तर्राष्ट्रिय सहकारी महासंघ (ICA) ले सहकारी संस्थाहरूले आफ्ना मूल्यहरूलाई व्यवहारमा उतार्नका लागि प्रतिपादन गरेका मार्गदर्शनहरू हुन् ।

१) स्वेच्छिक तथा खुल्ला सदस्यता (Voluntary and Open Membership)

२) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण (Democratic Member Control)

३) सदस्यहरूको आर्थिक सहभागिता (Member Economic Participation)

४) स्वायत्तता तथा स्वतन्त्रता (Autonomy and Independence)

५) शिक्षा, तालिम र सूचना (Education, Training & Information)

६) सहकारी संस्थाहरूका बिच सहयोग (Co-operation among Co-operatives)

७) समुदाय प्रति चासो (Concern for Community)

Regd. No. 1192/064/065

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.
China Trade Multipurpose Co-operative Ltd.
P.O. Box No. 25464, DRN Tower, Mahabouddha, Kathmandu, Tel.: 5714002, 5714048, Fax: +977 1 5713763, Email: info@chitcol.com, Web.: www.chitcol.com

पत्र संख्या : एएचआई१.१(१)
चलानी नं. : १४८

मितिः २०८०/०७/०३

श्री सेयर सदस्य ज्यू,
**चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि. ।**

विषयः- **१६औं वार्षिक साधारण सभाको सूचना ।**

महोदय,

यस संस्थाको सञ्चालक समितिको २२१औं बैठकको निर्णयानुसार संस्थाको १६औं वार्षिक साधारण सभा देहायका विषयहरूमा छलफल गरी निर्णय गर्नको लागि निम्न मिति, समय र स्थानमा आयोजना गरिएकोले उक्त सभामा यहाँको अनिवार्य उपस्थितिको लागि सादर अनुरोध छ ।

**कार्यक्रमः**

मिति : २०८० मंसिर ६ गते, बुधबार
समय : दिनको ११:३० बजे
स्थान : कार्की बैंक्वेट, माईतीघर, काठमाडौं ।

**छलफलका विषयहरूः**

१. आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रगति प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
२. आ.व. २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
३. आ.व. २०७९/०८० को लेखापरीक्षण प्रतिवेदन पारित गर्ने सम्बन्धमा,
४. आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट पारित गर्ने सम्बन्धमा,
५. आ.व. २०८०/०८१ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्बन्धमा,
६. विनियम संशोधन सम्बन्धमा,
७. नीति, निर्देशिका र कार्यविधि सम्बन्धमा,
८. सम्पत्ति बिक्री सम्बन्धमा,
९. संस्थाको कार्यालय सञ्चालनको लागि भवन/फ्ल्याट खरिद गर्ने सम्बन्धमा,
१०. संस्थाको कार्यालय स्थानान्तरण गर्ने सम्बन्धमा,
११. एकीकरण र सेवा केन्द्र सम्बन्धमा,
१२. २०७६ साल चैत्र मसान्त भन्दा अगाडि लगानी भएको भाखा नाघेको ऋण व्यवस्थापन सम्बन्धमा,
१३. निष्क्रिय सदस्यहरू व्यवस्थापन सम्बन्धमा,
१४. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको बैठक भत्ता परिमार्जन सम्बन्धमा,
१५. सञ्चालक समितिबाट आ.व. २०७९/०८० मा विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धमा,
१६. निर्णय पुस्तिका प्रमाणित गर्नको लागि सदस्यहरू मध्येबाट प्रतिनिधि चयन सम्बन्धमा,
१७. सञ्चालक समिति र लेखा सुपरीवेक्षण समितिको निर्वाचन सम्बन्धमा,
१८. विविध सम्बन्धमा ।

भवदीय,

राजेन्द्र कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

**पुनश्च :**

(क) वार्षिक प्रगति प्रतिवेदनको विद्युतीय प्रति संस्थाको वेबसाईट www.chitcol.com र आधिकारिक फेसबुक पेजबाट अग्रिम रूपमा डाउनलोड गरी अध्ययन गर्न सकिनेछ भने संस्थाको कार्यालयबाट प्रतिवेदनको छपाई संस्करण प्राप्त गर्न सकिनेछ ।
(ख) कुनै सल्लाह, सुझाव भएमा साधारण सभा हुने मिति भन्दा कम्तीमा ३ दिन अगावै कार्यालय समय भित्र संस्थामा लिखित, मौखिक वा विद्युतीय माध्यामबाट संस्थामा उपलब्ध गराउन सकिनेछ ।
(ग) साधारण सभामा आउँदा परिचय-पत्र वा सदस्यता खुल्ने कागजात (सेयर प्रमाण-पत्र, मोबाईल बैंकिङ्ग, पासबुक आदिको फोटो भए हुने) सहित उपस्थित हुनु पर्नेछ ।
(घ) साधारण सभामा सहभागी हुने २०८० कार्तिक महिना सम्मको मासिक बचत अनिवार्य रूपमा अद्यावधिक गरेको हुनु पर्नेछ ।
(ङ) निर्वाचन समितिले निर्वाचन सम्बन्धी कार्यक्रम संस्थाको सूचना पाटीमा प्रकाशित गर्नेछ ।

# सहकारीका परिभाषा, मूल्य र सिद्धान्तहरू

## १. परिभाषा :

सहकारी त्यस्ता व्यक्तिहरूको स्वयत्त संगठन हो जो स्वेच्छिक रूपमा एकजुट भइ आफ्ना आर्थिक, सामाजिक, शैक्षिक तथा सांस्कृतिक आवश्यकता र आकांक्षाहरूको परिपूर्ति गर्ने संयुक्त स्वामित्व र प्रजातान्त्रिक ढंगले नियन्त्रित संस्था हो ।

## २. मूल्य :

**आधार मूल्य** : स्वावलम्बन, प्रजातान्त्रिक, समानता, समन्वयता र ऐक्यवद्धताका मूल्यमा आधारित छन् ।

**नैतिक मूल्य** : इमान्दारिता, खुलापन, सामाजिक उत्तरदायित्व र अरूको हित चाहने नैतिक मूल्यमा विश्वास राख्दछ ।

## ३. सिद्धान्त :

सहकारी सिद्धान्तहरू सहकारी संस्थाद्वारा आफ्ना मूल्यलाई व्यवहारमा उतार्ने मार्गदर्शन हुन् ।

**क) स्वेच्छिक तथा खुला सदस्यता :**

सहकारी संस्थामा संस्थाबाट प्राप्त हुने सेवा उपयोग गर्न सक्ने र सदस्यताको जिम्मेवारी वहन गर्न सक्ने र चाहने सबै व्यक्तिहरूका लागि सदस्यता खुला रहन्छ । यी संस्थामा लिङ्ग, जाति, धर्म, भाषा तथा राजनैतिक भेदभाव रहँदैन ।

**ख) सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण :**

सहकारी संस्थाहरू आफ्ना सदस्यहरूद्वारा नियन्त्रित प्रजातान्त्रित संगठन हुन् । यी संस्थाका सदस्यहरू संस्थाको नीति तय गर्न र निर्णय गर्नमा सक्रिय रूपमा सहभागी बन्छन् । निर्वाचित प्रतिनिधि संस्थाका सदस्यप्रति उत्तरदायी हुन्छन् ।

**ग) सदस्यको आर्थिक सहभागिता :**

सहकारी संस्थाका सदस्य आफ्नो संस्थाको पुँजीमा न्यायिक रूपमा सहभागी हुन्छन् ।

**घ) स्वायत्तता र स्वतन्त्रता :**

सहकारी संस्था वाह्य श्रोतबाट पुँजी संकलन गर्न र सरकार लगायत अन्य संगठनहरूसँग सम्झौता गर्दा आफ्ना सदस्यहरूद्वारा प्रजातान्त्रिक नियन्त्रण तथा आफ्ना स्वायत्तता कायम राख्न सक्ने शर्तमा विश्वस्त हुनुपर्दछ ।

**ङ) शिक्षा, तालिम र सूचना :**

सहकारी संस्थाले आफ्नो विकासमा प्रभाकारी रूपमा योगदान दिन सकोस भनी आफ्ना साधारण सदस्य, निर्वाचित प्रतिनिधि, व्यवस्थापक र अन्य कर्मचारीहरूलाई शिक्षा तथा तालिम उपलब्ध गराउनेछ ।

**च) सहकारी संस्थाबीच सहयोग :**

सहकारी संस्थाहरूले प्रभावकारी रूपमा आफ्ना सदस्यलाई सेवा पुर्‍याई स्थानीय, राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रिय संरचनाहरूमा सहभागी भएर सहकारी आन्दोलनलाई सुदृढ गर्छन् ।

**छ) समुदायप्रति चासो :**

सहकारी संस्थाहरूले आफूद्वारा निर्धारित नीतिको आधारमा आफ्ना समुदायहरूको दिगो विकासको लागि कार्य गर्दछ ।



# १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिका तर्फबाट कार्यवाहक अध्यक्ष रमेश कुमार श्रेष्ठले प्रस्तुत गर्नु भएको आ.व. २०७९/०८० को वार्षिक प्रगति प्रतिवेदन

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभाको बन्द सत्रमा उपस्थित संस्थाका सल्लाहकारज्यूहरू,
संस्थापक अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्य साथीहरू,
लेखा सुपरीवेक्षण समितिका संयोजक एवं सदस्यज्यूहरू,
ऋण उपसमिति र शिक्षा उपसमितिका सदस्यज्यूहरू,
अन्य विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू,
उपस्थित सेयर सदस्य महानुभावहरू ।

नेपालको संविधान, २०७२ ले अंगिकार गरेको ३ खम्बे अर्थतन्त्र मध्ये एउटा खम्बाको रूपमा रहेको सहकारी जनताको जीवन पद्धति बनेको छ । नेपाल सरकारको चालु १५औं पञ्चवर्षीय योजनाको लक्ष्य गरिबी निवारणमा सहकारीले महत्वपूर्ण भूमिका निर्वाह गर्ने देखिन्छ । संघीय र प्रदेश सहकारी ऐन, नियमावली, निर्देशिका र कार्यविधिहरूमा व्यवस्था भएअनुसार संस्थालाई दिगो ढंगबाट सञ्चालन गर्न सेयर सदस्य र सञ्चालकहरूले पछिल्लो विकसित घटना क्रमलाई गहिरोसँग आत्मसात गर्दै वित्तीय क्षेत्रमा आफूलाई परिमार्जित रूपमा प्रस्तुत गर्नुपर्ने आवश्यकता देखिएको छ । यस पृष्ठभूमिमा आजको दिनमा आइपुग्दा सारभूत रूपमा सहकारी प्रति आम नागरिकको विश्वास थप बढाउन सरकार, सहकारी अभियान र प्रारम्भिक संस्थाहरूले समुदायको मन जित्ने गरी थप कामहरू गर्नुपर्ने स्थिति छ ।

नेपालको अर्थतन्त्रमा सहकारीले खेलेको भूमिका र सदस्यहरूको वित्तीय अवस्थाको विश्लेषण गरी समुदायमा वित्तीय पहुँच वृद्धि गर्दै आयआर्जनका विभिन्न पेशालाई व्यवसायीकरण गरी गरिबी निवारणमा सहयोग पुर्‍याउने उद्देश्यका साथ स्थापित यस चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्वीकार गरी पाल्नु भएका तपाई सम्पूर्ण सेयर सदस्य महानुभावहरूलाई संस्थाका तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट सहकारी अभिवादनका साथै हार्दिक स्वागत गर्न चाहन्छु ।

मिति २०७६ भाद्र १४ गते सम्पन्न संस्थाको १२औं वार्षिक साधारण सभाबाट सर्वसम्मत रूपमा निर्वाचित संस्थाको वर्तमान सञ्चालक समितिले अफ्नो वृद्धि, विवेक, क्षमता र अनुभवले भ्याएसम्म संस्थाको हित र उन्नतिका लागि मन, वचन र कर्मले सक्दो कार्य गर्दै आएको जानकारी गराउन चाहन्छु । साथै, संस्थालाई वर्तमान अवस्थासम्म ल्याई पुर्‍याउन प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने सबैमा संस्थाको तर्फबाट हार्दिक अभिभादन व्यक्त गर्न चाहन्छु ।

सदस्यहरूको श्रम, पुँजी र सीपलाई अधिकतम परिचालन गरी आफ्ना सदस्यहरूको आवश्यकता र आकांक्षालाई परिपूर्ति गर्नु नै यस संस्थाको मुख्य लक्ष्य छ । संस्थाको कार्य क्षेत्र भित्र रहेका र खासगरी चीनसँगको व्यापार व्यवसायमा सम्लग्न व्यवसायी र अन्य क्षेत्रसँग सम्वद्ध व्यक्तित्वहरूलाई समेत संस्थामा बढीभन्दा बढी आवद्धता गराई सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक उत्थानमा सहयोग पुर्‍याउने उद्देश्य यस संस्थाले लिएको छ ।

विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाहरूलाई निक्षेपकर्तालाई प्रदान गर्न गरेको उच्च ब्याजदर, व्यवसाय र उद्यमशिलताको लागि व्यवसायिक क्षेत्रमा देखिएको कमजोर उत्साह र मनोबल, सहकारी संस्थाहरूले विविध कारणले समयमा सदस्यको बचत फिर्ता गर्न नसक्दा आमसञ्चार माध्याम र सामाजिक सञ्जालमा आएका समाचार र विचारहरू, सहकारी संस्थाहरूको नियमन र सञ्चालनको विद्यमान सरकारी व्यवस्था लगायतका कारणहरूले संस्थाले व्यवसाय वृद्धिको लागि गत आ.व. २०७९/०८० प्रतिकुल समय रह्यो । विभिन्न कारणहरूले संस्थाले लगानी गरको ऋण प्रभावकारी रूपमा असुली हुन नसक्दा संस्थाले १६ वर्षको इतिहासमा पहिलोपटक घाटाको लेखापरीक्षण प्रतिवेदन सदस्यहरू समक्ष प्रस्तुत गरेको यहाँहरूलाई सुनाउनु पर्दा सन्तोष लागेको छैन ।

यस परिस्थितिमा विद्यमान आयातमा निर्भर नेपाली अर्थतन्त्र, देशको विद्यमान राजनैतिक परिस्थिति, बैंक तथा वित्तीय संस्थासम्मको सर्वसाधारणको पहुँच, वित्तीय क्षेत्रमा करीब ३ वर्षदेखि देखिएको ब्याजदरको अस्वभाविक उचार चढाव, बढ्दो वित्तीय लागत र ब्याजदर, सहकारी संस्थाहरूको व्यापक रूपमा संख्यात्मक वृद्धि र

वित्तीय बजारमा बढिरहेको प्रतिस्पर्धात्मक स्थितिमा यस संस्थालाई सफलतापूर्वक उभ्याउन, स्वदेश र विदेशमा संस्थाको अलग्गै पहिचान बनाउँदै एउटा उत्कृष्ट सहकारी संस्थाको रूपमा आम सहकारी बृतमा चिनाउन वर्तमान सञ्चालक समिति लागि परेको जानकारी गराउन चाहन्छु । दीगो, भरपर्दो, सुरक्षित र मजवुत सहकारी संस्था निर्माणको अभियानमा नेपाल सरकारको नीति बमोजिम उपयुक्त सहकारी संस्थाहरूलाई एकीकरण गर्दै अगाडि बढ्ने नीति संस्थाले अवलम्वन गरेको छ ।

## सेयर सदस्य महानुभावहरू,

अब म संस्थाले गत आर्थिक वर्ष २०७०/०८० मा सञ्चालन गरेका प्रमुख कार्यक्रमहरूको संक्षिप्त विवरण यस साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

### १. सदस्य संख्या

संस्थाको प्रमुख आधार स्तम्भको रूपमा रहेको सेयर सदस्य विगत वर्षहरूमा झै यस अवधिमा पनि निरन्तर रूपमा बढ्ने क्रम जारी नै रह्यो । २०७९ असार मसान्तमा कायम रहेको कुल सदस्य संख्या १५५१ मा यस अवधिमा १०.५० प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा कुल सेयर सदस्य संख्या १७१४ पुगेको छ । कुल सेयर सदस्यमा महिला सेयर सदस्यको प्रतिशत समेत निरन्तर वृद्धि हुँदै गएको छ ।

| विवरण | जम्मा सदस्य | महिला | प्रतिशत | पुरूष | प्रतिशत |
|---|---|---|---|---|---|
| २०८० असार मसान्त | १७१४ | ५६८ | ३३.१३ | ११४६ | ६६.८७ |
| २०७९ असार मसान्त | १५५१ | ४९३ | ३१.७९ | १०५८ | ६८.२१ |
| २०७८ असार मसान्त | १३८१ | ४०६ | २९.४० | ९७५ | ७०.६० |

### २. सेयर पुँजी

समीक्षा अवधिमा संस्थाको सेयर पुँजीमा सामान्य वृद्धि भएको छ । २०७९ आषाढ मसान्तमा ८ करोड १६ लाख २६ हजार ४०० रूपैयाँ सेयर पुँजी रहेकोमा गत आर्थिक वर्षमा ६४ हजार २०० थप भई २०८० आषाढ मसान्तमा ८ करोड १६ लाख ९० हजार ६०० रूपैयाँ कायम भएको छ ।

### ३. जगेडा कोष तथा अन्य कोषहरू

संस्थाको जगेडा कोष मजवुत नभई संस्था आर्थिक रूपमा बलियो हुन नसक्ने तथ्यलाई आत्मसात गर्दै जगेडा कोष बढाउन संस्थाले विशेष ध्यान दिँदै आएको छ । २०७९ असार मसान्तमा रू. ३ करोड ५५ लाख ९८ हजार ४९८ रूपैयाँ ८९ पैसा रहेको जगेडा कोष यस अवधिमा २४ हजार ५०३ रूपैयाँ ८१ पैसाले वृद्धि भई २०८० असार मसान्तमा रू. ३ करोड ५६ लाख २३ हजार २ रूपैयाँ ७६ पैसा पुगेको छ । त्यसैगरी २०७९ असार मसान्तमा रू. ६५,४९,९५७.९३ रहेको अन्य विभिन्न कोषहरू यस अवधिमा परिवर्तन भई २०८० असार मसान्तमा रू. ३७,५४,७८६.०३ कायम छ ।

### ४. बचत संकलन

गत वर्षहरूमा झै यस अवधिमा पनि विभिन्न बचत खाताहरू सञ्चालन गरी निक्षेप संकलन गर्ने कार्य जारी नै रह्यो । संस्थाले हाल अनिवार्य मासिक बचत-१, विभिन्न प्रकारका ऐच्छिक बचत खाताहरू-१६ र विभिन्न अवधिको आवधिक बचत खाताहरू सञ्चालनमा ल्याएको छ । हाल अनिवार्य मासिक बचतका अतिरिक्त ऐच्छिक बचत अन्तर्गत नियमित बचत खाता, सामान्य बचत खाता, विशेष चाइना ट्रेड बचत खाता, नारी बचत खाता, बाल बचत खाता, सरप्लस बचत खाता, चिट्कोल जम्बो बचत खाता, कोसेली बचत खाता, ऋण किस्ता बचत, स्कीम५० बचत, ज्येष्ठ नागरिक बचत, समृद्धि बचत, मिर्मिर स्मार्ट बचत, लाभांश बचत, कोसेली गोल्ड बचत र जीवन सारथी बचत योजना सञ्चालनमा ल्याएको छ । त्यसैगरी विभिन्न अवधिको आवधिक बचत खाता आकर्षक ब्याजदरमा सञ्चालन गरिएको छ । बचत खातामाहरूमा ६.०० देखि १०.०० प्रतिशतसम्म र आवधिक बचतमा अवधिको आधारमा १०.५० देखि १४.०० प्रतिशतसम्म अवधि र ब्याज भुक्तानी तालिकाका आधारमा ब्याज प्रदान गरिएको छ । २०७९ असार मसान्तमा कायम रहेको कुल निक्षेप रकम रू. ४८ करोड ४९ लाख ८९ हजार ४१७ रूपैयाँ ४६ पैसा गत आर्थिक वर्ष १३.०१ प्रतिशतले कमि भई २०८० असार मसान्तमा कुल निक्षेप रकम रू. ४२ करोड १८ लाख ६२ हजार १४३ रूपैयाँ ८३ पैसामा सीमित हुन पुगेको छ ।

### ५. बाह्य ऋण

यस अवधिमा संस्थाको बाह्य ऋणमा समान्य वृद्धि भएको छ । २०७९ असार मसान्तमा २७ करोड ६ लाख ८३ हजार ५२६ रूपैयाँ २३ पैसा बाह्य ऋण रहेकोमा यस अवधिमा ६.४१ प्रतिशतले वृद्धि भई २०८० असार मसान्तमा कुल बाह्य ऋण रू. २८ करोड ५० लाख ५४ हजार ४०२ रूपैयाँ ८७ पैसा पुगेको छ ।

### ६. ऋण लगानी तथा असुली सम्बन्धमा

संस्थाले आफ्ना सदस्यहरू र अन्य विभिन्न परियोजनामा आवश्यकता अनुसार लगानी गर्ने क्रम गत वर्ष झै यस अवधिमा पनि जारी नै रह्यो । २०७९ असार मसान्तमा रू. ७० करोड ८८ लाख ४४ हजार ९४९ रूपैयाँ ९४ पैसा रहेको ऋण लगानी रकम यस अवधिमा ७.८४ प्रतिशतले कमि भई रू. ६५ करोड ३२ लाख ३३ हजार ७९० रूपैयाँ ४९ पैसा पुगेको छ । यस अवधिमा महिला ७७ र पुरूष १६७ कुल २४४ जना सेयर सदस्यहरूलाई व्यवसायिक कर्जा, घरजग्गा कर्जा, सवारी साधन कर्जा, सेयर कर्जा, कर्मचारी कर्जा, स्मार्ट ट्रेड कर्जा र अन्य कर्जा शीर्षकमा उपरोक्त अनुसारको कर्जा लगानी गरिएको छ ।

### ७. संस्था आवद्ध सहकारी निकायहरूमा लगानी

विगत वर्षहरूमा झै यस वर्ष पनि संस्था आवद्ध सहकारी निकायहरूमा लगानी यथावत नै रह्यो । २०७९ असार मसान्तमा विभिन्न क्षेत्रमा गरिएको कुल लगानी रू. २ करोड ५८ लाख १६ हजार रूपैयाँ रहेकोमा यस अवधिमा कुनै थपघट भएन ।

### ८. ब्याजदर परिमार्जन

बैंक तथा वित्तीय संस्था र समकालिन अन्य सहकारी संस्थाहरूले समय समयमा परिवर्तन गर्ने ब्याजदरको प्रत्यक्ष प्रभाव संस्थामा पनि पर्ने गरेको छ । त्यसकारण वित्तीय बजारको तरलताको स्थिति, वित्तीय स्रोतको लागतदर, बैंक तथा वित्तीय संस्थाहरूले निर्धारण गरको ब्याजदर, अन्य सहकारी संस्थाहरूले निर्धारण गरेको

ब्याजदरको विश्लेषण गरी समय समयमा संस्थाको सञ्चालक समितिले साधारण सभाले प्रदान गरेको अख्तियारी प्रयोग गरी आवश्यकता अनुसार समय समयमा ब्याजदर परिमार्जन गरी लागू गर्ने गरेको छ । यस क्रममा समीक्षा अवधिमा २०७९ असोज १, २०८० बैशाख १ र २०८० जेठ १ गरी ३ पटक ब्याजदरमा सामान्य परिमार्जन गरिएको छ ।

## ९. एक्सप्रेस इन्भेष्टमेन्ट प्रा. लि. को गतिविधि सम्बन्धमा

कम्पनीको अध्यक्षमा संस्थाको अध्यक्ष र संस्थाको सचिव र कोषाध्यक्ष कम्पनीको पदेन सदस्य रहने व्यवस्था रहेको र संस्थाको शत्प्रतिशत सेयर रहेका एक्सप्रेस इन्भेष्टमेन्ट प्रा.लि. नामक कम्पनी आज भन्दा करिव १४ वर्ष अगाडि स्थापना भएको सेयर सदस्य महानुभावहरूलाई जानाकारी नै छ । संस्थाको कार्यालयलाई नै कम्पनीको कार्यालयको रूपमा उपयोग गरी संस्थाका कर्मचारीलाई नै कम्पनीको कर्मचारी रूपमा जिम्मेवारी दिइएको छ । यस कम्पनीको आ.व. २०७९/०८० को लेखापरीक्षण सम्पन्न हुने क्रममा रहेको छ । यस कम्पनीमा संस्थाको रू. २ करोड ५८ लाख रूपैयाँ लगानी रहेको छ । गत आ.व. मा कम्पनीमा थप लगानी वा लगानी फिर्ता सम्बन्धी कारोवार भएको छैन ।

## १०. मनि ट्रान्सफर सम्बन्धी कारोवार

आफ्नो कारोवारहरूलाई विविधिकरण तथा विशिष्टिकरण गरी थप आम्दानी गर्दै जाने संस्थाको नीति अनुरूप गत वर्ष झै यस अवधिमा पनि मनि ट्रान्सफर सम्बन्धी कारोवारलाई जारी नै राखेको छ । संस्थाले हाल वेष्टर्न युनियन, प्रभु मनि ट्रान्सफर, आईएमई रेमिट कम्पनीको एजेन्सी लिई कारोवार गरिरहेको छ । यसबाट आन्तरिक तथा बाह्य रेमिटान्सको कारोवार गर्न सहकारीलाई मार्ग प्रशस्त भएको छ । संस्थाको आम्दानीमा यसबाट उल्लेख्य रूपमा योगदान नभएता पनि यसबाट सदस्यहरूलाई थप सुविधा प्राप्त हुने र सदस्य र संस्थाबिचको दुरी कम गर्न र सदस्यलाई संस्थाले प्रदान गर्ने सेवा वृद्धि गर्न योगदान पुग्ने अपेक्षा गरिएको छ ।

## ११. १५औं वार्षिक साधारण सभा सम्बन्धमा

यस संस्थाको १५औं वार्षिक साधारण सभा मिति २०७९ पुस ९ गते, शनिबार क्वालिटी बैंक्वेट, मध्ये मार्ग-१०, बुद्धनगर, काठमाडौंमा राष्ट्रिय सहकारी महासंघका संस्थापक अध्यक्ष श्री दिपक प्रकाश बास्कोटा ज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । उक्त साधारण सभाले सञ्चालक समितिको तर्फबाट अध्यक्षले प्रस्तुत गर्नु भएको आ.व. २०७८/०७९ को वार्षिक प्रगति विवरण, आ.व. २०७९/०७९ को वित्तीय विवरण सहितले लेखापरीक्षण प्रतिवेदन, आ.व. २०७९/०८० को लागि नीति तथा कार्यक्रम र अनुमानित बजेट पारित गर्दै आ.व. २०७९/०८० को संस्थाको कारोवारको लेखापरीक्षणको लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक तोक्ने नियमित एजेन्डाहरू पास गरेको थियो । त्यसैगरी सभाले नीति, निर्देशिका र कार्यविधि अनुमोदन गर्ने प्रस्ताव, एकीकरण र सेवा केन्द्र सम्बन्धी प्रस्ताव, सेयर लाभांश र सँरक्षित पुँजी फिर्ता कोष सम्बन्धी प्रस्ताव, सञ्चालक समितिबाट आ.व. २०७८/०७९ को विभिन्न मितिमा भएका निर्णयहरू अनुमोदन गर्ने सम्बन्धी प्रस्ताव, नियामकीय व्यवस्था बमोजिम प्रमुख कार्यकारी अधिकृतको तलब, भत्ता र सुविधा अनुमोदन सम्बन्धी प्रस्ताव, निर्णय पुस्तिका प्रमाणित गर्नको लागि प्रतिनिधिहरू चयन गर्ने र विविध शीर्षकमा अन्य विभिन्न विषयहरूमा सञ्चालक समितिको प्रस्ताव बमोजिमको प्रस्तावहरू पारित तथा अनुमोदन गरेको थियो ।

संस्थाको नीति बमोजिम उक्त साधारण सभामा आ.व. २०७८/०७९ मा उत्कृष्ट कारोवार गर्ने ५ जना सेयर सदस्य र ७५ वर्ष उमेर पूरा भएका १२ जना ज्येष्ठ सेयर सदस्यलाई पुरस्कृत र सम्मान गरिएको थियो ।

## १२. २०८० सालको क्यालेण्डर प्रकाशन

१५औं वार्षिक साधारण सभाबाट पारित नीति तथा कार्यक्रम अनुसार विगत वर्षहरूमा झै यस वर्ष पनि २०७९ चैत्रमा नयाँ वर्ष २०८० को संस्थाको डिजिटल क्यालेण्डर प्रकाशन गरिएको छ । यसबाट संस्थाको ब्राण्ड इमेज वृद्धि हुने तथा सदस्यहरूको संस्था प्रतिको लोयल्टी बढ्ने संस्थाले विश्वास लिएको छ ।

## १३. अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागिता

सहकारी सम्वद्ध विभिन्न अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा संस्थाको प्रतिनिधित्व बढाउँदै लैजाने नीति अनुरूप सञ्चालक समितिको निर्णय अनुसार सन् २०२३ सेप्टेम्बर महिनामा काठमाडौंमा सम्पन्न ACCU FORUM 2023 मा प्रमुख कार्यकारी अधिकृत श्री राजेन्द्र कुमार श्रेष्ठले भाग लिनुभयो । सो बाहेक आ.व. २०७९/०८० मा संस्थाको तर्फबाट कुनै पनि अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा सहभागिता रहेन ।

## १४. सञ्चालक समितिको बैठक

संस्थाको विनियम बमोजिम नियमित रूपमा सञ्चालक समितिको बैठक बसी संस्थाको गतिविधि र प्रगतिहरूको नजिकबाट अनुगमन गर्ने क्रम यस अवधिमा पनि जारी नै रह्यो । आ.व. २०७९/०८० मा सञ्चालक समितिको बैठक १२ पटक बसेको र उक्त सबै बैठकहरूमा गणपुरक संख्यामा सञ्चालकहरूको उपस्थिति रहेको जानकारी गराउन चाहन्छु ।

## १५. विभिन्न समिति तथा उपसमितिको बैठक

संस्थाको विभिन्न निकायको रूपमा रहेको विभिन्न समिति तथा उपसमितिको बैठक आवश्यकता अनुसार समय समयमा सम्पन्न भएको छ । ऋण उपसमिति, शिक्षा उपसमिति, महिला उपसमिति, युवा उपसमिति, पदपूर्ति समिति, कर्मचारी सेवा सुविधा व्यवस्थापन समितिको बैठक आवधिक रूपमा आवश्यकता अनुसार सम्पन्न भएको छ ।

## १६. ज्येष्ठ सदस्यहरूको सम्मान

यस वर्षदेखि संस्थामा आवद्ध ज्येष्ठ सदस्यहरूलाई नगद पुरस्कार सहित विशेष सम्मान गर्ने कार्यलाई थप व्यवस्थित गर्दै निरन्तरता प्रदान गर्ने नीति लिइएको छ । यसबाट ज्येष्ठ सदस्यहरूले संस्था प्रति अझ बढी सकरात्मक दृष्टिकोण बनाउन मद्दत पुग्ने विशेष विश्वास लिइएको छ । गत असार मसान्तसम्ममा संस्थामा आवद्ध सेयर सदस्य मध्ये ७५ वर्ष उमेर नाघेका सबै सेयर सदस्यहरूलाई जनही रू. ४,०००/- (अक्षरूपी चार हजार रूपैयाँ मात्र) नगद पुरस्कार सहित सम्मान गर्ने निर्णयलाई यस वर्ष पनि निरन्तरता

प्रदान गरिएको छ । सो बमोजिम यस वर्ष निम्न लिखित १० जना सदस्यहरू वार्षिक साधारण सभाको अवसरमा उल्लेखित नगद पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

| |
|---|
| श्री सुदर्शन खोजु श्रेष्ठ (सदस्यता नं. १००४१) वर्षः ९५ |
| श्री भक्त बहादुर श्रेष्ठ (सदस्यता नं. १०४२२) वर्षः ८९ |
| श्री चिजमायाँ धुँजु श्रेष्ठ (सदस्यता नं. ११७२०) वर्षः ८३ |
| श्री जगमायाँ रेग्मी (सदस्यता नं. ००१०१२३६२) वर्षः ८२ |
| श्री मदनेश्वर नन्द बैद्य (सदस्यता नं. ००१०१२३५९) वर्षः ८० |
| श्री सूर्य कुमार श्रेष्ठ (सदस्यता नं. ००१०११५३४) वर्षः ७९ |
| श्री तेज कुमारी पराजुली (सदस्यता नं. १०७४९) वर्षः ७७ |
| श्री मदनलाल अग्रवाल (सदस्यता नं. ००१०११०४५) वर्षः ७६ |
| श्री फत्त बहादुर बस्नेत (सदस्यता नं. ००१०११४८१) वर्षः ७६ |
| श्री हिरा काजी श्रेष्ठ (सदस्यता नं. ००१०१२३१२) वर्षः ७६ |

## १७. उत्कृष्ट सदस्यहरूको सम्मान

सेयर सदस्यहरू संस्थाको आधार स्तम्भ हो । सेयर सदस्य विनाको सहकारी परिकल्पना गर्न सकिदैन । संस्थाको आन्तरिक कार्यविधि बमोजिम संस्थामा सेयर सदस्य बनी नियमित रूपमा बचत गर्ने, कारोवार गर्ने, ऋण लिई समयमा नै ऋण चुक्ता गर्ने, परिवारका सदस्यहरुलाई संस्थामा आवद्ध गराउने तथा अन्य व्यक्तिहरूलाई संस्थामा आवद्ध गराउँदै जाने व्यक्तिहरूलाई सम्मान गर्दा सदस्यले गौरवको अनुभूति गर्ने तथा संस्था प्रतिको सम्मान बढ्दै जाने अपेक्षा राखी वर्षभरिमा उत्कृष्ट कारोवार गर्ने सदस्यहरूलाई साधारण सभाको अवसरमा नगद पुरस्कार सहित सम्मान गर्ने कार्यलाई यस वर्ष पनि निरन्तरता प्रदान गरिएको छ । गत आर्थिक वर्ष २०७९/०८० मा उत्कृष्ट सदस्यमा पर्नुहुने ५ जना सेयर सदस्यहरू निम्न अनुसार रहेको छ :

| |
|---|
| श्री कामेश्वर प्रसाद गुप्ता (सदस्यता नं. ००१०११२४४) |
| श्री पवन कुमार गोयल (सदस्यता नं. ००१०१०३१५) |
| श्री चोलकान्त बस्याल (सदस्यता नं. ००१०११२२७) |
| श्री धनपति दुलाल (सदस्यता नं. ००१०१००४५) |
| श्री सबिना सिंह महर्जन (सदस्यता नं. ००१०११२८८) |

## १८. डिजिटल सुविधा विस्तार

सदस्य संख्या र कारोवार वृद्धि हुँदै जादा संस्थाले प्रयोग गरिरहेको सफ्टवेयर पनि अत्याधुनिक प्रविधिमा जानु पर्ने आवश्यकतालाई आत्मसात गर्दै विगत ५ वर्षदेखि नयाँ प्रविधिको आधुनिक सफ्टवेयर प्रविधि प्रयोगमा ल्याए पश्चात प्रविधिमा संस्थाले गुणात्मक फड्को मारेको छ । उक्त सफ्टवयरमा गत आ.व. मा मोबाईल बैंकिङ्ग सेवा मार्फत Utility Payment, Inter Bank Fund Transfer (IBFT), QR Payment र इ-सेवा, खल्ती र आईएमई-पे वालेटमा रकम पठाउन तथा विभिन्न वालेट र connectIPS बाट संस्थामा रहेको खातामा सिधै रकम जम्मा गर्ने लगायतका डिजिटल सुविधाहरू विस्तार तथा सुदृढिकरण गरिएको छ । नगद रहित कारोवारलाई प्रोत्साहन गर्दै मोबाईल बैंकिङ्ग सेवालाई प्राथमिकता दिई विद्युतीय भुक्तानी अंगिकार गर्दै नेपाल क्लियरिङ हाउस लिमिटेडद्वारा सञ्चालित connectIPS सेवा र Corporate Pay सेवा मार्फत सदस्यहरूले चाहेको बैंक खातामा रकमान्तर गर्न सक्ने प्रणालीलाई सञ्चालनमा ल्याइएको छ । यसबाट सेयर सदस्यहरूलाई अझ छिटोछरिटो र गुणस्तरीय सेवा सुविधा २४सैं घण्टा उपलब्ध गर्न, गराउन, समयको बचत गर्न गराउनमा यी कार्यहरू सहयोगी सिद्ध भएको विश्वास लिएका छौं ।

## १९. राजस्वमा योगदान

संस्थाले आ.व. २०७९/०८० मा आयकर वापत शुन्य रकम, स्थानीय तह व्यवसाय कर रू. ५,०००/-, स्थानीय तह बहाल कर वापत रू. २,३३,५४०/२९ र विभिन्न शीर्षकमा अग्रिम कर कट्टी वापत रू. ३२ लाख ५३ हजार २६१ रूपैयाँ १७ पैसा गरी जम्मा रू. ३४,९१,८०१/४६ (अक्षरूपी चौतीस लाख एकानब्बे हजार आठ सय एक रूपैयाँ छयालीस पैसा) संघीय सरकार र स्थानीय तहको राजस्वमा योगदान पुऱ्याउन सफल भएको छ ।

| क्र. सं. | विवरण | राजश्व खाता नं. | रकम रू. |
|---|---|---|---|
| १ | संस्थागत आयकर | ११२२४ | ०.०० |
| २ | करकट्टी - व्यक्तिगत तथा प्रोप्राईटरशिप फर्म | ११११ | १९०५४.८६ |
| ३ | करकट्टी - पारिश्रमिक आयकर | ११११२ | ७३६५५५.०० |
| ४ | करकट्टी - पब्लिक लिमिटेड | ११२२२ | ३५४१.७१ |
| ५ | करकट्टी - प्राईभेट लिमिटेड | ११२२३ | ३३९४६.९३ |
| ६ | करकट्टी - अन्य शीर्षक | ११२२४ | २०८४.९५ |
| ७ | ब्याज कर | ११३३२ | २३२९५२७.७० |
| ८ | लाभांश कर | ११३३३ | १२१०८८.०२ |
| ९ | पारिश्रमिकमा आधारित सामाजिक सुरक्षा कर | ११२११ | ७४६२.०० |
| १० | बहाल कर - स्थानीय तह | | २३३५४०.२९ |
| ११ | व्यवसाय कर - स्थानीय तह | | ५०००.०० |

## २०. मानव संशाधन सम्बन्धी गतिविधि

संस्थालाई आर्थिक रूपमा ससक्त बनाई समकालिन संस्थाहरूमा अग्रणी हुन यस संस्थाको कर्मचारी वर्गको अथक परिश्रम र मेहनतको ठूलो भूमिका रहेको छ । सञ्चालक समितिले संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत सबै कर्मचारीहरूको योगदानलाई उच्च मुल्यांकन गरेको छ। कर्मचारी सेवा विनियमावली लागु गर्दै आइरहेको छ । यस अवधिमा भएका मानव संशोधन सम्बन्धी प्रमुख गतिविधिहरू यस प्रकार छ :

क) विगत वर्षहरुमा झै संस्थाले आफ्नो नेतृत्व वर्ग र कर्मचारीहरूको क्षमता विकास र वृद्धिको लागि समय समयमा विभिन्न तालिम, गोष्ठी तथा सेमिनारहरू पठाउने क्रमलाई यस अवधिमा पनि निरन्तरता दिइएको छ । सबैको लागि शिक्षा र तालिम भन्ने उद्देश्य लिई विभिन्न संस्थाहरूले सञ्चालन गर्ने तालिम, गोष्ठी, अवलोकन भ्रमण लगायतका कार्यक्रमहरूमा संस्थाको तर्फबाट प्रतिनिधित्व गराउँदै आएको छ । यस अवधिमा मुख्य रूपमा निम्न कार्यक्रमहरूमा संस्थाको तर्फबाट प्रतिनिधित्व गरिएको छ ।

- २०७९ भाद्र २५ गते मानव संशाधन क्षमता विकासको लागि संस्थाको आयोजनामा नयाँ बानेश्वर, काठमाडौंमा सञ्चालन भएको मानव संशाधन क्षमता विकास तालिम विषयक In House तालिम कार्यक्रममा संस्थामा कार्यरत सम्पूर्ण कर्मचारीहरूको सहभागिता ।
- २०७९ असोज ६ देखि ७ गतेसम्म राष्ट्रिय सहकारी महासंघ लि. को आयोजनामा ललितपुरमा सञ्चालन भएको Risk Management विषयक तालिम कार्यक्रममा संस्थाको तर्फबाट सहायक अधिकृत श्री निशा श्रेष्ठको सहभागिता ।
- २०७९ असाज ९ गते काठमाडौं टेक्निकल स्कुलको आयोजनामा काठमाडौंमा सञ्चालन भएको Effective Marketing Training विषयक तालिम कार्यक्रममा संस्थाको तर्फबाट कनिष्ठ सहायक श्री स्वेता पन्त र प्रशिक्षार्थी सहायक श्री रसिल मानन्धरको सहभागिता ।
- २०७९ फागुन ४ देखि ५ गतेसम्म राष्ट्रिय सहकारी बैंक लि. को आयोजनामा ललितपुरमा सञ्चालन भएको Nepal Financial Reporting Standard विषयक तालिम कार्यक्रममा संस्थाको तर्फबाट सहायक अधिकृत श्री निशा श्रेष्ठको सहभागिता ।
- २०७९ चैत्र २३ देखि २५ गतेसम्म राष्ट्रिय सहकारी महासंघको आयोजनामा काठमाडौंमा सम्पन्न 3rd National Co-operative Congress मा प्रमुख कार्यकारी अधिकृत श्री राजेन्द्र कुमार श्रेष्ठको सहभागिता ।

ख) संस्थामा कार्यरत स्थायी कर्मचारीहरूको सामाजिक सुरक्षा कोष कट्टी रकम मासिक रूपमा सामाजिक सुरक्षा कोषमा जम्मा हुने व्यवस्थालाई निरन्तरता प्रदान गरिएको छ । साथै, कर्मचारीले स्वेछिक रूपमा नागरिक लगानी कोष जम्मा हुने गरी कट्टी गर्ने रकमलाई उक्त कोषमा जम्मा हुने व्यवस्थालाई समेत निरन्तरता प्रदान गरिएको छ । त्यसैगरी गत आ.व. मा कर्मचारी उपदान कोषको लागि संस्थाको कर्मचारी सेवा विनियमावली, २०७१ को व्यवस्था बमोजिम आवश्यक पर्ने रकम २०८० असार मसान्तमा खर्च लेखी दायित्व व्यवस्थापन गरेको छ ।

ग) गत आर्थिक वर्षमा सहायक अधिकृत पदमा कार्यरत श्री निश्चल श्रेष्ठले व्यक्तिगत कारण जनाई २०८० माघ महिना र कनिष्ठ सहायक पदमा कार्यरत श्री बिनिता कार्कीले व्यक्तिगत कारण जनाई २०८० बैशाख महिनामा आफ्नो पदबाट दिनु भएको राजिनामा कर्मचारी सेवा विनियमावली, २०७१ बमोजिम निजहरूको राजिनामा स्वीकृत गरी गरिएको छ ।

घ) यस अवधिमा संस्थाको नीति बमोजिम ६ महिना प्रशिक्षार्थी सहायकको रूपमा सफलतापूर्वक कार्य सम्पादन गर्नु भएको ३ जना व्यक्तिहरूलाई सहायक श्रेणी, तह-४, कनिष्ठ सहायक पदमा स्थायी नियुक्त गरिएको छ । २०७९ भाद्र १९ गतेदेखि श्री निर्मला महर, २०७९ मंसिर १ गतेदेखि श्री दिपा श्रेष्ठ र २०७९ माघ १६ गतेदेखि लागु हुने गरी श्री दिनेश बहादुर रेग्मीलाई नियुक्ति गरी कार्य सम्पादन गरिएको छ।

ङ) संस्थालाई आवश्यक पर्ने कानुनी परामर्श सेवा, धितो मुल्यांकन सेवा, आन्तरिक लेखापरीक्षण सेवा, सुरक्षा सेवा र कार्यालय सहयोगी स्तरका कर्मचारीको सेवालाई Outsourcing मार्फत लिने र आवश्यक कार्य सम्पादन गर्ने गराउने कार्यलाई निरन्तरता प्रदान गरिएको छ ।

## २१. विभिन्न कार्यक्रमहरूमा प्रतिनिधित्व

गत वर्षहरूमा झै यस वर्ष पनि विभिन्न निकायहरूमा संस्थाको तर्फबाट नियमित रूपमा भाग लिने क्रम जारी नै रह्यो । यस अवधिमा संस्थालाई प्राप्त विभिन्न निकायहरूबाट प्राप्त निमन्त्रणा, सहकारी सम्वद्ध विभिन्न निकायहरूबाट समय समयमा विभिन्न विषयहरूमा हुने छलफल तथा अन्तरक्रिया र विभिन्न औपचारिक तथा अनौपचारिक कार्यक्रमहरूमा कार्यक्रमको औचित्य, सन्दर्भ र महत्वका आधारमा संस्थाको तर्फबाट पदाधिकारी, सञ्चालक, प्रमुख कार्यकारी अधिकृत तथा अन्य तहका कर्मचारीहरूले नियमित भाग लिनुभयो । यसबाट सदस्य र संस्थाको दुरी कम हुने, सरोकारवाला निकायहरूसँग सुमधुर सम्बन्ध विकास हुने, सहकारी संस्थाहरू बिच सहयोगको आदान प्रदान बढ्ने र संस्थाको छबी उच्च बनाउने योगदान पुग्ने विश्वास संस्थाले लिएको छ ।

## २२. संस्थागत सुशासन र जोखिम व्यवस्थापन

संस्थाले आफ्नो व्यवसायिक वातावरण निर्माण र जोखिम व्यवस्थापनलाई समानान्तर रूपले अगाडि बढाइरहेको कुरा म यहाँहरू माफ अवगत गराउन चाहन्छु । संस्थाको नेतृत्वले गर्ने हरेक निर्णयले संस्थाको दीर्घजीवनमा असर पर्ने भएकोले त्यस्ता निर्णयको दीर्घकालिन प्रभाव आकलन गर्दै व्यवसायिक निरन्तरता प्रगाढ रहन सक्ने कुरालाई विचार पुन्याई सदैव उच्चतम अनुभव र दक्षतापूर्ण निर्णयलाई सदैव आत्मसा तगर्दै आएको छ । वित्तीय प्रणालीका नविनतम अभ्यासहरूलाई अनुसरण गर्दै संस्थागत सुशासन कायम राख्न आवश्यक नीति, विधि र प्रविधिको प्रयोग गरिएको छ ।

संस्थाले कारोवारमा हुने जोखिमहरूको परिचान गर्दै ऋण सम्बन्धी जोखिम प्रमुख जोखिमको रूपमा पहिचान गरेको छ । यसमा हुने जोखिम पहिचान गरी कर्जाको गुणस्तर उच्च स्तरको राख्न ऋण व्यवस्थापन सम्वद्ध विभिन्न तालिमहरूमा सहभागी गराउने, अनुभवबाट सिक्ने, विश्लेषणात्मक क्षमता अभिवृद्धि गर्ने जस्ता माध्यामबाट व्यवस्थापनको क्षमता अभिवृद्धि गर्दै ऋण उपसमिति र सञ्चालक समितिको सुक्ष्म निगरानी रहने प्रणालीको विकास गरिएको छ ।

सहकारी विभागबाट जारी मापदण्ड अनुरूप ऋणलाई वर्गीकरण गरी ऋण जोखिम कोषको व्यवस्था समेत गरेको छ । सञ्चालनमा देखिन सक्ने जोखिम न्युनिकरणको लागि सम्पत्ति शुद्धिकरण निवारण ऐन, नियम तथा संस्थाको आन्तरिक कार्यविधि बमोजिमको कार्य गर्न व्यवस्थापन तहको कर्मचारीलाई कार्यान्वयन अधिकृत तोकी जोखिम न्युनिकरण कार्यलाई अगाडि बढाइरहेको छ । नगद कारोवारमा हुने जोखिम न्युनिकरण गर्न नगद रहित कारोवारलाई प्रोत्साहन गर्दै मोबाईल बैंकिङ्ग सेवालाई प्राथमिकता दिई विद्युतीय भुक्तानी अंगिकार गर्दै नेपाल क्लियरिङ हाउस लिमिटेडद्वारा सञ्चालित connectIPS सेवा र Corporate Pay सेवा मार्फत सदस्यहरूले चाहेको बैंक खातामा रकमान्तर गर्न सक्ने प्रणालीलाई सञ्चालनमा ल्याइएको छ । संस्थाको सम्पूर्ण कारोवार सिसिटिभि

निगरानीमा भएकोले भिडभाड तथा जालसाजि प्रयास निरूत्साहित गर्न सकिने तथा कुनै घटना भई हालेमा त्यसलाई पहिचान गर्न सक्ने भएकोले सञ्चालन जोखिम न्युनिकरण गर्न सहयोग पुगेको छ । साथै, संस्थाले नगद कारोवारको जोखिम न्युनिकरण गर्न मार्गस्थ तथा भल्ट र काउन्टरमा रहने नगदको बीमा गरिएको छ । संस्थामा रहने कार्यालय उपकरण र फर्निचर सामाग्रीहरूको समेत बीमा गरी यसमा अन्तर्निहित जोखिमहरूलाई न्युनिकरण गर्ने प्रयत्न गरिएको छ ।

संस्थाको कारोवारलाई ठीक दुरूस्त भए नभएको जाँच गरी सञ्चालक समितिलाई आवश्यक सुझाव तथा निर्देशन दिन लेखा सुपरीवेक्षण समितिले सक्रिय भूमिका निर्वाह गरिरहेको छ । संस्थाले आन्तरिक र बाह्य लेखापरीक्षणलाई प्रभावकारी गराई प्रारम्भिक प्रतिवेदन मार्फत प्राप्त सुझावहरूलाई कार्यान्वयन गर्दै आएको छ र आगामी दिनहरूमा सो कार्यलाई थप प्रभावकारी बनाइनेछ । संघीय तथा प्रदेश सहकारी ऐन, नियमावली, निर्देशन र कार्यविधिहरूको पालनाको निमित्त आवश्यक सांगठनिक संरचना निर्माण र कार्य प्रणालीको विकास गर्नुपर्ने भएकोले सो को लागि आवश्यक निर्णयहरू लिइएको छ ।

संस्थाको कारोवार सदस्यमुखि बनाउन र सदस्यहरूको सुझावलाई आत्मसात गर्दै अगाडि बढ्नको लागि संस्थाले विभिन्न माध्याम मार्फत सुझाव संकलन गर्दै सोही बमोजिम आफ्ना नीति तथा कार्यक्रमहरू तयार गर्दै अगाडि बढिरहेको छ । यसका अलावा संस्थाले आफ्ना कर्मचारीहरूलाई सदस्यमुखि सेवा प्रदान गर्न तथा संस्थामा अन्तरनिहित जोखिमहरूको विश्लेषण गर्दै अगाडि बढ्नको लागि आवश्यक ज्ञान, सीप र क्षमताको विकास गर्नको लागि विभिन्न प्रशिक्षण कार्यक्रमहरू समेत नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

## २३. संस्थाको भावि रणनीति र कार्यक्रम

संस्थाले सहकारी क्षेत्रमा असल अभ्यासहरूलाई अनुसरण गर्दै आएको छ । आगामी दिनहरूमा पनि यसलाई निरन्तरता दिंदै सदस्य सेवालाई विस्तारित गर्न कायक्षेत्र भित्र २ वटा सेवा केन्द्र खोल्ने स्वीकृत प्राप्त भएकोमा अनुकुल परिस्थितिमा उल्लेखित सेवा केन्द्रहरूलाई उपयुक्त स्थानमा स्थानान्तरण गरी संस्थाको सेवा विस्तार गरिनेछ । २०७८ सालदेखि संस्थाले आफ्नो कार्यक्षेत्र काठमाडौंका अतिरिक्त भक्तपुर, ललितपुर र मकवानपुर जिल्ला कायम गरेको छ जसले गर्दा आगामी दिनमा उक्त जिल्लाहरूमा बसोबास गर्ने व्यक्तिहरूलाई समेत संस्थामा आवद्ध गराई कारोवार गर्ने वैधानिक बाटो खुल्ला भएको छ । आगामी दिनमा सहकारी अभियानलाई मजबुत बनाउँदै आम नागरिकको सहकारी संघ संस्था प्रतिको दृष्टिकोणलाई सकरात्मक बनाउन र एकीकरण सम्बन्धी नीतिलाई टेवा पुऱ्याउन उपयुक्त सहकारीहरूलाई संस्थामा एकीकरण गराउन पहल गरिनेछ ।

संस्थाले हाल सम्म गरेको कार्यहरूको मुल्यांकन तथा संस्थाको आन्तरिक सबलता तथा दुर्वलताहरूको यथार्थ विश्लेषण गर्दै दुर्वल पक्षलाई हटाउँदै जाने र सबल पक्षहरूलाई तुलनात्मक लाभको क्षेत्रमा उपयोग गर्न र चुनौतीहरूको सामना गर्न प्रयोग गरिनेछ । गतिशिल समाजमा समयको गतिशिलता सँगै संस्थाका सदस्यहरूको चाहना र आवश्कता पनि परिवर्तन हुँदै जाने तथ्यलाई आत्मसात गर्दै यहाँहरूको सल्लाह, सुझाव, सहयोग र समर्थनको आधारमा आधुनिक सहकारिताका मुल्य, मान्यता र सिद्धान्तहरूलाई प्रभावकारी रूपमा व्यवहारमा उतार्न भरमग्दुर प्रयन्त गरिनेछ । संस्थालाई सुरक्षा र सहभागिताको दृष्टिकोणबाट नेपालको सन्दर्भमा नुमना सहकारी संस्थाको रूपमा समुदायमा परिचित गराउन आवश्यक पर्ने रणनीतिहरूको विकास गरी लागु गरिनेछ ।

## अन्तमा,

नेपाल सरकार भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय सहकारी विभाग, बागमती प्रदेश, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, विभिन्न स्थानीय तहहरू, बैंक तथा वित्तीय संस्थाहरू, मालपोत कार्यायहरू, नापी कार्यालयहरू लगायत अन्य नियमन निकायहरूबाट प्राप्त भइरहेको मार्गदर्शन, सहयोग र प्रोत्साहनको लागि म हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस १६औं वार्षिक साधारण सभामा संस्थाको उत्तरोत्तर प्रगतिमा सहयोग र संरक्षकत्व प्रदान गर्नु हुने तपाई सेयर सदस्यहरूको समुपस्थितिले अझ बढी सेवामा समर्पित रही संस्थालाई अगाडि बढाउँदै लैजाने हौसला प्राप्त भएको छ । संस्थालाई आजसम्म निरन्तर रूपमा सहयोग पुऱ्याउँदै आवश्यक सल्लाह, सुझाव र सहयोग गर्ने शुभेच्छुक र सरोकारवाला सबै निकाय प्रति यस अवसरमा आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । आफ्नो काममा अहोरात्र खटी संस्थाको काम कारवाही चुस्त दुरूस्त राख्न र सञ्चालक समितिको मार्गदर्शन बमोजिम क्रियाशिल रहने संस्थाका प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरू प्रति पनि आभार व्यक्त गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु । संस्थाको तर्फबाट र मेरो व्यक्तिगत तर्फबाट उपस्थित सबै प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दै आ.व. २०७९/०८० को सञ्चालक समितिको वार्षिक प्रगति प्रतिवेदन यही अन्त्य गर्दछु ।

धन्यवाद ! जय सहकारी !!

**सञ्चालक समितिको तर्फबाट,**

**रमेश कुमार श्रेष्ठ**
कार्यवाहक अध्यक्ष

मितिः २०८० मंसिर ६ गते, बुधबार
स्थानः का.म.पा. वडा नं. ११, कार्की बैंक्वेट, माइतीघर, काठमाडौं ।



# १६औं वार्षिक साधारण सभामा प्रस्तुत आ.व. २०७९/०८० को लेखा सुपरीवेक्षण समितिको वार्षिक प्रतिवेदन

कार्यक्रमका सभापति एवं संस्थाका कार्यवाहक अध्यक्षज्यू,
संस्थापक अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू,
सल्लाहकारज्यूहरू,
लेखा सुपरीवेक्षण समितिका सदस्य साथीहरू,
ऋण उपसमिति र शिक्षा उपसमितिका सदस्यज्यूहरू,
उपस्थित सम्पूर्ण सेयर सदस्य महानुभावहरू र कर्मचारी मित्रहरू ।

चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि. को १६औं वार्षिक साधारण सभामा संयोजकको हैसियतले लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन पेश गर्न पाउंदा खुशी लागेको छ । सहकारी ऐन, २०७४, सहकारी नियमावली, २०७५, सहकारी विभागबाट जारी मापदण्ड, समय समयमा जारी विभिन्न निर्देशनहरू, संस्थाको विनियम, संस्थाको विभिन्न नीति, निर्देशिका तथा कार्यविधी बमोजिम यस समितिले संस्थाको आर्थिक हरहिसाब र पारदर्शितालाई मुख्य आधार बनाई कार्य गर्दै आएको छ । संस्थामा भइरहेको आर्थिक गतिविधिहरूको नजिकबाट अनुगमन गर्दै आएको छ । आवश्यकता अनुसार समय समयमा लेखा सुपरीवेक्षण समिति संस्थाले सुधार गर्नु पर्ने विषयहरूको सञ्चालक समिति र व्यवस्थापनलाई आवश्यक सल्लाह र सुझावहरू दिँदै आएको छ ।

विश्वव्यापी रूपमा देखिएको आर्थिक मन्दी, बैंक तथा वित्तीय संस्थाहरूलाई निक्षेपकर्तालाई प्रदान गर्ने गरेको उच्च ब्याजदर, व्यवसाय र उद्यमशिलताको लागि व्यवसायिक क्षेत्रमा देखिएको कमजोर उत्साह र मनोबल, सहकारी संस्थाहरूले विविध कारणले समयमा सदस्यको बचत फिर्ता गर्न नसक्दा आमसञ्चार माध्याम र सामाजिक सञ्जालमा आएका समाचार र विचारहरू, सहकारी संस्थाहरूको नियमन र सञ्चालनको विद्यमान सरकारी व्यवस्था लगायतका कारणले संस्थाले यस वर्ष व्यवसाय वृद्धिको लागि गत आ.व. २०७९/०८० प्रतिकुल समय रह्यो । संस्थाले १६ वर्षको इतिहासमा पहिलोपटक घाटाको लेखापरीक्षण प्रतिवेदन सदस्यहरू समक्ष प्रस्तुत गरेको छ ।

संस्थाको आर्थिक विवरणहरू लेखापरीक्षकको प्रतिवेदन मार्फत विस्तृत रूपमा प्रस्तुत हुने नै छ । अब म संक्षेपमा संस्थाले गरिरहेका काम कारवाहीका बारेमा केही बुँदाहरू यस सम्मानित साधारण सभामा लेखा सुपरीवक्षण समितिको तर्फबाट प्रस्तुत गर्न चाहन्छु ।

## १. अघिल्लो साधारण सभाको निर्णयहरूको कार्यान्वयनको अवस्था

२०७९/०८० को साधारण सभाको समग्र निर्णयहरूको कार्यान्वयन सन्तोषजनक रहेको पाइयो । गत साधारण सभाबाट पारित आ.व. २०७९/०८० को मुनाफाको लक्ष्य भने वित्तीय क्षेत्रमा तरलता अभाव, ऋण असुलीमा कठिनाई लगायत विविध कारणहरूले हासिल गर्न नसकेको स्थिति विद्यमान रहेको छ । समग्र वित्तीय सूचकहरू विश्लेषण गर्दा विविध कारणहरूले १५औं साधारण सभाबाट पारित नीति तथा कार्यक्रम र वित्तीय लक्ष्य प्राप्तिको सन्दर्भमा संस्थाको व्यवसायको स्थिति सन्तोषजनक देखिएन ।

## २. आ.व. २०७९/०८० मा बसेको बैठक संख्या निर्णय र निर्णयको कार्यान्वयनको अवस्था

**आ.व. २०७९/०८० मा बसेको बैठक संख्या** : ४

**आ.व. २०७९/०८० मा बसेको बैठकको निर्णयहरू** :

- ❑ संस्थाको आम्दानी
- ❑ सस्थाको खर्च
- ❑ ऋण लगानी तथा असुली
- ❑ भाखा नाघेको ऋण असुली
- ❑ पल्स अनुगमन प्रणाली
- ❑ मानव संशाधन व्यवस्थापन
- ❑ आन्तरिक लेखापरीक्षण प्रतिवेदन
- ❑ बाह्य लेखापरीक्षण प्रतिवेदन
- ❑ वार्षिक नीति तथा कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था
- ❑ सम्पत्ति शुद्धिकरण सम्बन्धी संस्थागत व्यवस्थाको परिपालना

- विभिन्न नीति तथा कार्यविधिहरू परिमार्जन
- COPOMIS कार्यान्वयनको अवस्था
- विद्युतीय कारोवारको जोखिम न्युनिकरण
- विविध विषयहरू

निर्णयहरूको कार्यान्वयन सन्तोषजनक रहेको पाइयो ।

## ३. ऋण लगानीको प्रक्रिया, ऋण वापतको सुरक्षण वा धितो सम्बन्धी व्यवस्था

**ऋण लगानीको प्रक्रिया :** ऋण विभागले प्रारम्भिक अध्ययन गरी प्रमुख कार्यकारी अधिकृत समक्ष सिफारिस गर्ने, ऋण विभाग र प्रमुख कार्यकारी अधिकृतको सिफारिसका आधारमा ऋण उपसमितिले रू. २० लाखसम्मको ऋण स्वीकृत गर्ने र सो भन्दा बढी रकमको ऋण उपसमितिको सिफारिसमा सञ्चालक समितिले स्वीकृत गरी लगानी गरिएको छ । ऋण लगानी गर्दा प्रस्तावित ऋण रकमको उचित सुरक्षण हुने गरी जायजेथा धरौटी वा सदस्यहरूको व्यक्तिगत धन जमानीमा ऋण लगानी गर्ने गरेको पाइयो ।

## ४. सहकारी विभागबाट जारी गरिएका मापदण्डहरूको पालना सम्बन्धी संक्षिप्त विवरण

सहकारी विभागबाट जारी गरिएको मादपण्डहरूको पालना आ.व. २०७९/०८० मा समग्रमा राम्रो र सन्तोषजनक भएको पाइएको छ ।

## ५. सहकारी कार्यालय, विभाग वा सम्बन्धित संघले अनुगमन गरी दिइएको प्रतिवेदन अनुसारको निर्देशन/ सुझावहरू कार्यान्वयन सम्बन्धी विवरणहरू

गत आ.व. मा नियामक निकाय र आवद्ध संघहरूले अनुगमन गरी निर्देशन दिएको पाइएन । सो भन्दा अगाडिको वर्षहरूमा भएको अनगमनको क्रममा संस्थालाई दिइएका अधिकांश निर्देशन तथा सुझावहरू कार्यान्वयन भएको पाइयो ।

## ६. पदाधिकारीहरूको पारिश्रमिक, भत्ता र अन्य सुविधाहरूको विवरण

६.१ पारिश्रमिकः छैन

६.२ भत्ताः सञ्चालक समितिको बैठकको

अध्यक्षः रू. १५,०००/-

अन्य सञ्चालकहरूः रू. १०,५००/-

६.३ अन्य सुविधाहरूः छैन

## ७. कर्मचारी प्रशासन सम्बन्धी व्यवस्थाहरू

७.१ **साधारण सभाबाट पारित कर्मचारी प्रशासन सम्बन्धी नियमावली भए/ नभएको :** भएको

७.२ **कर्मचारी प्रशासन नियमावली प्रयोगमा ल्याइएको/ नल्याइएको :** ल्याइएको

७.३ **कर्मचारी भर्ना प्रक्रिया पारदर्शिता र प्रतिस्पर्धी भए/ नभएको :** भएको

७.४ **कार्यरत कर्मचारीहरू र कार्यबोझ बिच तादम्यता रहेको/ नरहेको :** रहेको

७.५ **व्यवस्थापन प्रमुखको योग्यता र क्षमता सम्बन्धी विवरण :**

**योग्यता :**

व्यवस्थापनमा स्नातकोत्तर उपाधि हासिल गरेको, सहकारी व्यवस्थापन र मानव संशाधन व्यवस्थापनमा विशेष दक्षता भएको, नेदरल्यान्ड्सको Maastricht स्थित Maastricht School of Management बाट मावन संशाधन व्यवस्थापनमा विशेष तालिम प्राप्त, बेलायतको म्यानचेष्टरमा स्थित Co-operative College of UK बाट सहकारी व्यवस्थापन सम्बन्धी विशेष अध्ययन पुरा गरेको र थाईल्यान्डको राजधानी बैंकक स्थित Asian Confederation of Credit Union (ACCU) बाट Development Educator (DE) को उपाधि सहित विभिन्न उच्च व्यवस्थापकीय तालिमहरू प्राप्त गरी सहकारी संस्थाको उच्च व्यवस्थापनमा १७ वर्ष भन्दा बढी अनुभव भएको ।

**क्षमता :**

उत्कृष्ट व्यवस्थापकको रूपमा सम्मानित, विगत १६ वर्ष भन्दा बढीको सहकारी व्यवस्थापनको अनुभव, सहकारी प्रशिक्षकको रूपमा परिचित, विभिन्न अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा Executive Program मा भाग लिई क्षमता विकास भएको ।

७.६ **कर्मचारी भर्ना प्रक्रिया र संख्या :**

कर्मचारी सेवा विनियमावलीमा व्यवस्था भए अनुसार पदपूर्ति समितिको निर्णय अनुसार तोकिएको आवश्यक प्रक्रिया पुरा गरी सञ्चालक समिति समक्ष सिफारिस गर्ने र सञ्चालक समितिको निर्णय पश्चात कार्यान्वयन गर्ने गरेको ।

कर्मचारी सेवा विनियमावलीमा व्यवस्था बमोजिम नै कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा उपसमितिको सिफारिस अनुसार सामान्यतया हरेक २/२ वर्षमा कर्मचारी तलब भत्ता र सेवा सुविधा परिमार्जन हुने गरेको र आ.व. २०७९/०८० मा तलब भत्तामा कुनै परिमार्जन नगरेको ।

७.६.१ करार : ३

७.६.२ अस्थायी : ०

७.६.३ स्थायी : १३

७.६.४ प्रशिक्षार्थी : १

## ८. लेखा सुपरीवेक्षण समितिले यस अघि दिइएका प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको अवस्थाः

लेखा सुपरीवेक्षण समितिले यस अघि दिएको प्रतिवेदन बमोजिमका सुझावहरूको कार्यान्वयनको स्थिति सन्तोषजनक रहेको ।

## ९. लेखा समितिले उल्लेख गर्न चाहेका अन्य विवरणहरूः

नभएको ।

## १०. लेखा सुपरीवेक्षण समितिको सुझावहरूः

**१०.१ सम्पत्ति शुद्धिकरण सम्बन्धी नीति नियम कार्यान्वयन सम्बन्धमाः**

सहकारी विभागले गत आ.व. २०७४/०७५ मा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी निर्देशन जारी गरे पश्चात २०७४ फागुनमा संस्थाको सञ्चालक समिति र उच्च व्यवस्थापनले यस विषयमा एक गोष्ठी आयोजना गरी नेतृत्व र व्यवस्थापनलाई प्रशिक्षित

गरिएको, आ.व. २०७५/०७६ मा यस सम्बन्धी कार्यविधि निर्माण गरेको, कार्यान्वयन अधिकृत तोकेको, सदस्यहरूको तोकिए बमोजिमको विवरण अद्यावधि गर्ने कार्यको शुरूवात गरेको, सञ्चालक समिति बैठकमा यस विषयमा अर्धवार्षिक रूपमा समीक्षा गर्ने गरेको छ । यस सम्बन्धमा सहकारी विभागको स्थलगत सुपरीवेक्षण तथा अनुगमन टोलीले मिति २०७६/११/१४ मा यस संस्थामा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी ऐन, नियमावली, सहकारी ऐन तथा सम्पत्ति शुद्धिकरण निवारण सम्बन्धी सहकारी संघ संस्थाहरूलाई जारी गरिएको निर्देशन, २०७४ का कानुनी व्यवस्थाको कार्यान्वयन, पालना तथा प्रणालीगत विकासको अवस्थाका सम्बन्धमा अनुगमन गरेको छ । विभागीय निर्देशन बमोजिम प्राप्त निर्देशनहरूको परिपालना र सो को सुधार प्रगतिका बारेमा २०७८ असोज महिनामा सम्पन्न १४औं वार्षिक साधारण सभालाई यस सम्बन्धमा विस्तृत रूपमा जानकारी गराइएको पाइयो । अब यस सम्बन्धी व्यवस्थालाई पूर्ण कार्यान्वयनको लागि संस्थाले कार्यान्वयन अधिकृतको क्षमता विकासको लागि विभिन्न तालिम कार्यक्रमहरूमा सहभागिता गराउने, यस सम्वद्ध प्रणाली सुधार गर्ने लगायतका राम्रो संस्थागत तयारी गरेको पाइयो । यसलाई निरन्तर रूपमा ससक्त कार्यान्वयनको लागि निरन्तर रूपमा आवश्यक नीतिगत र संस्थागत क्रियाशिलता र पहलकदमीको लागि सुझाव दिइएको छ ।

**१०.२ सहकारी शिक्षा शिविर नियमित गरिनु पर्ने :**

कम्तीमा त्रैमासिक रूपमा संस्थामा आवद्ध नयाँ सेयर सदस्यहरूलाई सहकारी सम्बन्धी शिक्षा दिन सहकारी शिक्षा शिविर कार्यक्रम नियमित रूपमा आयोजना गरी संस्थाको नीति नियम र व्यवस्थाहरूको बारेमा जानाकारी गराई सम्बन्धित सदस्यलाई सेयर प्रमाण-पत्र वितरण गर्ने व्यवस्था भएता पनि गत आ.व. मा विविध कारण श्रृजित विषम परिस्थिति लगायतका कारण यस प्रकारको कार्यक्रम सञ्चालन नभएकोले चालु आ.व. देखि त्रैमासिक रूपमा यस प्रकारको कार्यक्रम नियमित गर्न सञ्चालक समितिलाई सुझाव प्रदान गरिएको छ ।

**१०.३ शिक्षा उपसमिति थप प्रभावकारी हुनुपर्ने :**

| जम्मा | ४,५७४,२६६.१४ | ३,२७१,२३३.८२ |

## अन्य सञ्चालन आम्दानी

अनुसूची २५

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| अन्य आम्दानी | ९३५,७८१.५२ | ३,४९६,४९६.०८ |
| घरभाडा आम्दानी | - | ८६,४००.०० |
| बैंकबाट ब्याज आम्दानी | २,२२३,६९०.६६ | ३,४४५,२२२.९६ |
| जम्मा | ३,१५९,४७२.१८ | ७,०२८,११९.०४ |

## कर्मचारी खर्च

अनुसूची २६

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| तलब | ४,४०३,८७३.०० | ३,९७०,८७९.०० |
| ग्रेड | ९८९,८६९.०० | ९२१,३८८.०० |
| भत्ता | ८४५,६१९.०० | ८३५,७१९.०० |
| दशैं खर्च | ४०६,३८६.०० | ४१२,९८४.०० |
| कर्मचारी खाजा खर्च | ४७४,४७८.०० | ४७०,७४७.०० |
| यातायात भत्ता | २१३,८००.०० | २०४,०००.०० |
| सञ्चित विदा वापतको तलब खर्च | ६०,९८५.०० | ४४६,७२६.३५ |
| कर्मचारी उपदान कोष खर्च | ८१७,९३६.४६ | ८९२,३०६.७९ |
| सुरक्षा गार्ड तलब, भत्ता र सुविधा | ६४६,३६०.०० | ६५०,३६०.०० |
| सामाजिक सुरक्षा कोष योगदान खर्च | ९६४,६७९.०० | ९७६,९२१.०० |
| जम्मा | ९,८२३,९८५.४६ | ९,७८२,०३१.१४ |



## अन्य सञ्चालन खर्च

अनुसूची २७

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| क) कार्यालय सञ्चालन खर्च | | |
| छपाई तथा मसलन्द | ३७४,३९६.८० | ३६९,४२९.०४ |
| व्यवसाय प्रवर्द्धन | २९०,८५९.०० | २८५,७०७.४५ |
| घरभाडा | ४,००३,५५३.३२ | २,४२६,९४५.३२ |
| अतिथि सत्कार | १२७,५६२.३९ | ३१,३३२.७१ |
| इन्धन | १०,२२०.०० | १९,०९५.०० |
| सञ्चार | २१२,५६८.७६ | २३९,२१३.१६ |
| बत्ति तथा पानी | ८४,७२४.२० | ६७,१६७.१० |
| विविध खर्च | २८१,४२०.८० | २६६,०८१.६८ |
| मर्मत सम्भार | ९०,११३.२० | ४४,७४०.०० |
| यातायात | ४८,२७१.०० | ४५,१६७.०० |
| पत्रपत्रिका तथा पुस्तक | १२,१५०.०० | १२,१००.०० |
| बाह्य लेखापरीक्षण शुल्क | ७५,०००.०० | ६७,८००.०० |

| विवरण | यस वर्ष | गत वर्ष |
|---|---|---|
| आन्तरिक लेखारीक्षण शुल्क | १००,०००.०० | १००,०००.०० |
| कर्मचारी सम्बन्धी विविध खर्च | १०८,४६७.२८ | ५३,६५०.०० |
| लेखापरीक्षण सम्बन्धी अन्य खर्च | - | ९७०.०० |
| जीवन सारथी बचत खाताको बीमा खर्च | ३११,८९४.५० | ३८६,००५.०० |
| पोशाक | १८,०००.०० | - |
| कर्मचारी तालिम खर्च | ६८,८२२.५० | १३,८००.०० |
| कर्मचारी सञ्चार खर्च | ११२,८५८.४० | ३४,९९६.०० |
| सवारी साधन पार्किङ्ग खर्च | ६७,५००.०० | ६०,०००.०० |
| **जम्मा (क)** | **६,३९८,३८२.१५** | **४,४१५,४०३.४६** |
| **ख) समिति खर्च** | | |
| साधारण सभा | ६१६,००९.२० | ७००,२८७.८२ |
| सञ्चालक समिति बैठक भत्ता | ८९१,०००.०० | ९५९,२७०.७४ |
| सञ्चालक समिति बैठक खर्च | ७७,६०७.७० | ८१,६४०.३८ |
| लेखा सुपरीवेक्षण समिति बैठक भत्ता | १२२,५००.०० | ७३,५००.०० |
| ऋण उपसमिति बैठक भत्ता | १५६,०००.०० | २४०,०००.०० |
| ऋण उपसमिति बैठक खर्च | - | - |
| ऋण असुली सम्बन्धी खर्च | १२७,६८३.०४ | ५१,०१९.०५ |
| सहकारी शिक्षा तथा तालिम खर्च | १७३,०८३.४७ | १०८,६४८.७१ |
| कानुनी परामर्श सेवा खर्च | १८०,०००.०० | २६०,०००.०० |
| **जम्मा (ख)** | **२,३४३,८८३.४१** | **२,४७४,३६६.७०** |
| **ग) प्रकाशन खर्च** | | |
| क्यालेण्डर प्रकाशन | ५,०००.०० | ११५,२६०.०० |
| विज्ञापन | २४,०४०.०० | ६८,९३४.४० |
| वार्षिक प्रतिवेदन प्रकाशन | ११८,६५०.०० | ६६,६७०.०० |
| ब्रोसर प्रकाशन | - | ११,३००.०० |
| **जम्मा (ग)** | **१४७,६९०.००** | **२६२,१६४.४०** |
| **जम्मा अन्य सञ्चालन खर्च (क + ख + ग)** | **८,८८९,९५५.५६** | **७,१५१,९३४.५६** |

| विवरण | कर्जा रकम | नोक्सानी व्य. रकम |
|---|---|---|
| क. भाका ननाघेको (१ प्रतिशत) | ३३३,३७०,५३०.०० | ३,३३३,७०५.३० |
| ख. एक वर्षसम्म भाका नाघेको (३५ प्रतिशत) | १०३,०५०,४५१.४८ | ३६,०६७,६५८.०२ |
| ग. एक वर्षभन्दा बढी भाका नाघेको (१०० प्रतिशत) | २१६,८१२,८०९.०१ | २१६,८१२,८०९.०१ |
| **जम्मा** | **६५३,२३३,७९०.४९** | **२५६,२१४,१७२.३३** |

राजेन्द्र कुमार श्रेष्ठ
प्रमुख कार्यकारी अधिकृत

पुजन श्रेष्ठ
सञ्चालक

सुभाष अग्रवाल
सञ्चालक

तुलसी श्रेष्ठ
सञ्चालक

कृष्णहरी बुढाथोकी, सिए
प्रबन्ध साझेदार

कृष्ण बहादुर गुभाजु
सञ्चालक

रमेश कुमार श्रेष्ठ
कार्यवाहक अध्यक्ष

R.P.K.S. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU NEPAL

निः आ.पि.के.एस. एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

मितिः २०८०/०६/२९
स्थानः महाबौद्ध, काठमाडौं-२२, काठमाडौं ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## प्रमुख लेखा नीति र लेखासम्बन्धी टिप्पणी

आर्थिक वर्ष २०७९/०८०

**अनुसूची २८**

### सामान्य जानकारी

सहकारी सिद्धान्त अनुरूप सदस्यहरूलाई सदस्य आफूले आर्जन गरेको आयबाट नियमित रूपले बचत गर्ने बानी बसाल्न उत्प्रेरित गरी संकलन भएको बचत रकमबाट आवश्यक भएका सदस्यहरूलाई सीपमूलक आय आर्जन कार्यक्रम लगायत आर्थिक संकट टार्न उचित ब्याजदरमा ऋण लगानी गरी सदस्यहरूको आर्थिक तथा सामाजिक अवस्था सुधार गर्ने र सदस्यहरूलाई सुविधा प्रदान गर्ने उद्देश्यले सहकारी ऐन, २०४८ को दफा छ बमोजिम डिभिजन सहकारी कार्यालय, काठमाडौंमा मिति २०६४/०४/०१ दर्ता भई दर्ता नं ११९४/०६४/६५ प्राप्त गरी सञ्चालित छ । साथै आन्तरीक राजश्व कार्यालय काठमाडौं, नयाँ सटकमा मिति २०६४/०६/३० मा दर्ता भई स्थायी लेखा नं. ३०२६०३४१७ प्राप्त गरेको छ ।

### कार्य क्षेत्र

संस्थाको कार्य क्षेत्र काठमाडौं, भक्तपुर, ललितपुर र मकवानपुर जिल्ला भर सीमित रहेको छ ।

### प्रमुख लेखा नीति

१. वित्तीय विवरण प्रस्तुतिकरणका आधारः

प्रस्तुत वित्तीय विवरण (यस लेखा नीतिमा अन्यथा उल्लेख भएकोमा बाहेक) नेपाल लेखामान, सर्वमान्य लेखा सिद्धान्त, सहकारी ऐन तथा नियम र सहकारी मापदण्डलाई आधार मानि तयार पारिएका छन् ।

२. लेखाका आधारः

ऐतिहासिक मूल्य अवधारणको आधारमा संस्थाले आर्थिक कारोवारहरूको लेखांकन गरी प्रस्तुत वित्तीय विवरण तयार पारिएका छन् । यस लेखा नीतिमा अन्यथा उल्लेख भएकोमा बाहेक संस्थाले आर्थिक कारोवारहरूको लेखांकन प्रोदभावी (एक्रुअल) आधारमा गरिएका छन् । संस्थाले लेखांकन नीति एकरूपताका साथ प्रयोग गर्दै आइरहेको छ र ती नीतिहरू अघिल्ला वर्ष अनुरूप नै छन् ।

३. अनुमानित लेखांकनः

प्रस्तुत वित्तीय विवरण सर्वमान्य लेखा सिद्धान्त अनुरूप तयार गर्दा व्यवस्थापनले आवश्यक केही लेखा अनुमानहरू गरिएका छन् । संस्थाको सम्पत्ति र दायित्वको अंकित मूल्य तथा प्रस्तुत वित्तीय विवरण तयार पार्दाको दिनसम्म उल्लेखित सम्पत्ति, दायित्व र सम्भावित दायित्व रकममा आधारित अनुमान तथा आंकलनका साथै उल्लेखित आम्दानी तथा खर्चहरूको आधारमा वित्तीय विवरण तयार भएका छन् । अनुमानित र वास्तविक खर्च बिच कुनै भिन्नता देखिएमा सो भिन्नतालाई पहिचान भएको अवधिमा लेखांकन गरिन्छ ।

४. व्यवसायको निरन्तरताः

प्रस्तुत वित्तीय विवरण संस्थाको व्यवसाय निरन्तरताको आधारमा तयार गरिएको छ ।

५. सेयर पुँजीः

संस्थाको साबिक सेयर सदस्य तथा नयाँ सेयर सदस्यबाट प्राप्त सेयर पुँजी वापतको रकमलाई सेयर पुँजीमा थप गर्ने तथा सदस्यता त्याग गर्ने सेयर सदस्यको रकम फिर्ता गरी सेयर पुँजीबाट रकम घटाउने नीति सस्थाले लिएको छ ।

६. जगेडा तथा अन्य कोषः

६.१ सहकारी ऐन, २०७४ अनुसार

**क. जगेडा कोषः**

खुद बचत रकमको कम्तीमा २५% रकम यस कोषमा रहन्छ । नोक्सान भएको कारण यस आ.व. यस जगेडा कोषमा रकम विनियोजन भएको छैन ।

**ख. संरक्षित पुँजी फिर्ता कोषः**

जगेडा कोषमा छुट्ट्याई बाँकी रहेको रकमलाई शत्प्रतिशत रकम मानी सो रकमको २५% रकम यस कोषमा रहन्छ । सदस्यहरूले गरेको वार्षिक कारोवारको आधारमा अर्थात सदस्यले उपयोग गरेको ऋणमा तिरेको ब्याजलाई ६०% भार सदस्यले गरेको बचतलाई ४०% भार दिई सो बमोजिम हुन आउने अनुपातमा सम्बन्धित सदस्यलाई उपलब्ध गराएको छ । गत आ.व. को कोष वितरण भई बाँकी रहेको रकम यस आ.व. मा नै जगेडा कोषमा सारेको छ । नोक्सान भएको कारण यस आ.व. संरक्षित पुँजी कोषमा रकम विनियोजन भएको छैन ।

**ग. सहकारी प्रवर्द्धन कोष**

जगेडा कोषमा छुट्ट्याई बाँकी रहेको रकमलाई शत्प्रतिशत रकम मानी सो रकमको ०.५% रकम यस कोषमा रहन्छ । भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयमा रहेको सहकारी प्रवर्द्धन कोषमा यस रकमलाई जम्मा गरिनेछ । नोक्सान भएको कारण यस आ.व. यस सहकारी प्रवर्द्धन कोषमा रकम विनियोजन भएको छैन ।

### ६.२. सहकारी नियमावली, २०७५ अनुसार

संरक्षित पुँजी फिर्ता कोष तथा सहकारी प्रवर्द्धन कोषमा रकम छुट्ट्याई बाँकी रहेको रकमलाई शत्प्रतिशत रकम मानी सो रकमलाई निम्न अनुसार बाँडफाँड गरेको छ ।

**क. सेयर लाभांश कोष**

कम्तीमा ७०% रकम यस कोषमा रहन्छ । सदस्यहरूले लिएको पुँजीको आधारमा यस कोषको रकम वितरण गरिन्छ । यस कोषमा वितरण भई बाँकी रहेको रकम यस आ.व. मा नै जगेडा कोषमा सारेको छ । नोक्सान भएको कारण यस आ.व. यस सेयर लाभांश कोषमा रकम विनियोजन भएको छैन ।

**ख. सहकारी शिक्षा कोषः**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । संस्थाका सदस्यहरू तथा कर्मचारीहरूलाई सहकारी शिक्षा सम्बन्धी गरिने तालिम, गोष्ठी, सेमिनार तथा कार्यक्रमका लागि यस कोषबाट खर्च गरिन्छ । नोक्सान भएको कारण यस आ.व. यस सहकारी शिक्षा कोषमा रकम विनियोजन भएको छैन ।

**ग. सहकारी विकास कोष**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । संस्थाको संस्थागत क्षमता अभिवृद्धिको लागि यस कोषमा भएको रकम खर्च गरिन्छ । नोक्सान भएको कारण यस आ.व. यस सहकारी विकास कोषमा रकम विनियोजन भएको छैन ।

**घ. घाटापूर्ति कोष**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । संस्थामा यस कोषमा रहेको रकमले सस्था कुनै आ.व. घाटामा सञ्चालन भएमा सो को पूर्ति गर्न यस कोषको उपयोग गरिन्छ । नोक्सान भएको कारण यस आ.व. यस घाटापूर्ति कोषमा रकम विनियोजन भएको छैन ।

**ङ. सामुदायिक विकास कोष**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । सामुदायको बिकासको लागि यस कोषमा भएको रकम खर्च गरिन्छ । नोक्सान भएको कारण यस आ.व. यस सामुदायिक बिकास कोषमा रकम विनियोजन भएको छैन ।

**च. स्थिरीकरण कोष**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । बचत तथा ऋण विषयगत संस्थाको सञ्चालनमा सम्भावित जोखिमबाट संरक्षण गर्न त्यस्ता संस्थाहरू मिली स्थिरीकरण कोष खडा गरको छ । सहकारी ऐन, २०७४ को व्यवस्था बमोजिम स्थिरीकरण कोष नेपाल बचत तथा ऋण केन्द्रीय सहकारी संघ लि. मा रहेको छ । नोक्सान भएको कारण यस आ.व. यस स्थिरीकरण कोषमा रकम विनियोजन भएको छैन ।

**छ. जोखिम व्यवस्थापन कोष**

कम्तीमा ५% रकम यस कोषमा रहन्छ । यस रकम संस्थाको बाह्य जोखिम न्युनिकरण व्यवस्थापन गर्न खर्च गरिन्छ । बाह्य जोखिम भन्नाले भूकम्प, माहामारी, आगलागि इत्यादि पर्दछ । नोक्सान भएको कारण यस आ.व. यस जोखिम व्यवस्थापन कोषमा रकम विनियोजन भएको छैन ।

**ज. कर्मचारी बोनस कोष**

संस्थाको विगत वर्षहरूको अभ्यास र बोनस ऐन, २०३० को व्यवस्था बमोजिम यस कोषमा नाफाको १०% रकम विनियोजन गरेको छ । गत आ.व. को यस कोषको रकम वितरण भई बाँकी रहेको रकम यस आ.व. मा नै जगेडा कोषमा सारेको छ । यस कोषबाट संस्थामा

कार्यरत कर्मचारीहरूलाई अधिकतम ३ (तीन) महिनाको तलब भत्ता वरावरको रकम सुविधा वापत उपलब्ध गराइनेछ । नोक्सान भएको कारण यस आ.व. यस कर्मचारी बोनस कोषमा रकम विनियोजन भएको छैन ।

### ७. स्थिर सम्पत्तिः

स्थिर सम्पत्तिको परल मूल्यको निर्धारण खरिद मूल्य तथा सो खरिदसँग सम्बन्धित सबै प्रत्यक्ष खर्चहरू जोडी निर्धारण गरिएको छ । स्थिर सम्पत्तिमा ह्रास कट्टा गरी खुद सम्पत्तिलाई वित्तीय विवरणमा देखाइएको छ । एक वर्ष भन्दा कम समय टिक्ने र/वा रू. १,०००.०० भन्दा कम मूल्य रहेका सामानहरू स्थिर सम्पत्तिमा पुँजीकृत नगरी खरिद गरेकै आ.व. मा खर्च लेख्ने गरिएको छ ।

### ८. ह्रास कट्टीः

स्थिर सम्पत्तिको ह्रास कट्टी आयकर ऐन, २०५८ मा व्यवस्था भएको ह्रास दर र ह्रास तरिका अनुसार घट्दो ह्रास प्रणाली अनुसार गरिएको छ ।

### ९. ऋण लगानी नीतिः

सहकारी विभागबाट जारी मापदण्ड, संस्थाको विनियम र ऋण व्यवस्थापन नीति अनुसार सदस्यहरूलाई अधिकतम वार्षिक १६.०० प्रतिशत सम्मको ब्याजदरमा ऋण लगानी गर्ने गरिएको छ । तोकिएका विभिन्न मापदण्डका आधारमा धितो सुरक्षण र सामुहिक धन जमानी दुवै तरिकाले लगानी गर्ने नीति संस्थाले लिएको छ ।

### १०. कर्जा नोक्सानी व्यवस्थाः

संस्थाले सहकारी मापदण्ड बमोजिम सम्भावित कर्जा नोक्सानी व्यवस्था गरिएको छ । यस आ.व.को वर्षान्तसम्म रू. २५६,२१४,१७२.३३ कर्जा नोक्सानी व्यवस्था रहन गएको छ । जुन सस्थाको कूल ऋणको ३९ प्रतिशत ऋण नोक्सानी व्यवस्था छ । संस्थाले ऋण लगानी तर्फ वर्षान्तमा असुल गर्न बाँकी कुल लगानीमा रहेको ऋण रकमलाई असुलीको अवस्थाको आधारमा असल ऋण (भाखा ननाघेको), शंकास्पद ऋण (१ देखि १२ महिनासम्म भाखा नाघेको) र खराब ऋण (१२ महिना भन्दा बढी भाखा नाघेको) मा वर्गीकरण गरिएको छ । यसरी वर्गीकरण गरिएका ऋणहरूको लागि व्यवस्था गरिएको ऋण जोखिम व्यवस्थापन कोष निम्नानुसार रहेको छ ।

| विवरण | कर्जा रकम | नोक्सानी व्य. रकम |
|---|---|---|
| क. भाका ननाघेको (१ प्रतिशत) | ३३३,३७०,५३०.०० | ३,३३३,७०५.३० |
| ख. एक वर्षसम्म भाका नाघेको (३५ प्रतिशत) | १०३,०५०,४५१.४८ | ३६,०६७,६५८.०२ |
| ग. एक वर्षभन्दा बढी भाका नाघेको (१०० प्रतिशत) | २१६,८१२,८०९.०१ | २१६,८१२,८०९.०१ |
| **जम्मा** | **६५३,२३३,७९०.४९** | **२५६,२१४,१७२.३३** |

### ११. आयकर व्यवस्थाः

प्रस्तुत आ.व. मा सस्थाले आयकर ऐन, २०५८ अनुसार आयकर व्यवस्था गरिएको छ । नोक्सान भएको कारण प्रस्तुत आ.व. मा संस्थाले आयकर व्यवस्था गरेको छैन ।

### १२. ब्याज आयः

कर्जा लगानीबाट असुली भएको ब्याज आयलाई नगद प्राप्तिको आधारमा लेखांकन गर्ने नीति लिएको छ । जुन नीति नेपाल लेखामानसँग सामन्जस्य छैन । नेपाल लेखामान अनुसार आम्दानीलाई प्रोद्भावी (एक्रुअल) आधारमा लेखांकन गर्नुपर्ने तोकेको छ ।

### १३. ब्याज खर्चः

निक्षेपमा लाग्ने ब्याज खर्चलाई प्रोद्भावी (एक्रुअल) आधारमा लेखांकन गरिएको छ ।

### १४. चक्रवृति ब्याजः

संस्थाले चक्रवृति ब्याज नलगाउने नीति लिएको छ ।

### १५. ब्याज अन्तर दर (Interest Spread Rate):

संस्थाले सहकारी ऐन, २०७४ को व्यवस्था बमोजिम सहकारी विभागले तोकेको सन्दर्भ ब्याजदरको सीमा भित्र रहने गरी ऋणको अधिकतम ब्याजदर र ब्याज अन्तर दर तोक्ने नीति लिएको छ । २०८० असार मसान्तमा संस्थाको औषत ब्याज अन्तर दर ३.८३ प्रतिशत रहेको छ ।

१६. **अधिकतम सेयरको सीमाः**

संस्थाको विनियमको व्यवस्था बमोजिम कुनै सेयर सदस्यलाई कुल चुक्ता पुँजीको १० प्रतिशत भन्दा बढी सेयर नदिने संस्थाको नीति रहेको छ ।

१७. **कर्मचारी उपदान तथा विदा वापतको रकमको व्यवस्थाः**

संस्थाको कर्मचारी सेवा नियमावली, २०७१ मा कर्मचारीलाई उपदान तथा विदा वापतको तलब दिने व्यवस्था भए बमोजिम यस आ.व. को वर्षान्तमा कर्मचारी उपदान कोष तथा विदा वापतको तलबको व्यवस्था गरिएको छ ।

१८. **भुक्तानी प्राप्त गर्न बाँकी ब्याज (Interest Receivables):**

सदस्यलाई प्रदान गरिएको कर्जा रकममा आर्जित ब्याज रकमलाई ग्राहकबाट नगद भुक्तानी प्राप्त नभएसम्म यस शीर्षक अन्तर्गत प्रस्तुत गरिन्छ भने नगद भुक्तानी प्राप्त भएको मितिमा नाफा नोक्सान हिसाबमा आय जनाइन्छ । प्रस्तुत आ.व. को वर्षान्तमा सस्थाको भुक्तानी प्राप्त गर्न बाँकी ब्याज रू. १३७,२६७,५६९.४५ रहेको छ ।

## लेखासम्बन्धी टिप्पणी

१. **सेयरमा लगानी**

यस आ.व. को वर्षान्तमा संस्थाको सेयरमा लगानीको विवरण निम्नानुसार रहेको छ :

| विवरण | रकम रू. |
|---|---|
| एक्सप्रेस इन्भेष्टमेन्ट प्रा. लि. सेयरमा | ८५,००,०००.०० |
| एक्सप्रेस इन्भेष्टमेन्ट प्रा. लि. सापटी | १७,३,००,०००.०० |
| राष्ट्रिय सहकारी बैंक लि. | २,५६,०१,०००.०० |
| नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि. | २००,०००.०० |
| बागमती प्रदेश सहकारी संघ लि. | ५,०००.०० |
| जिल्ला सहकारी संघ लि., काठमाडौं | ५,०००.०० |
| काठमाडौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि. | ५,०००.०० |

२. **ब्याज मुल्तबी**

प्रस्तुत वित्तीय विवरणमा संस्थाको यस आ.व. को वर्षान्तसम्ममा कर्जामा असुल गर्न बाँकी ब्याज रू. १३७,२६७,५६९.४५ लाई ब्याज मुल्तबी हिसाबमा न्युन गरी अन्य सम्पत्ति शीर्षकमा प्रस्तुत गरिएको छ ।

३. **मसलन्द तथा छपाई**

संस्थाले खरिद गरेको मसलन्द तथा छपाईको मौज्दात रहने गरी यस आ.व. मा खर्च भएको मौज्दात घटाई परल मूल्यमा अन्तिम मौज्दात लेखङ्कन गरिएको छ ।

४. गत आ.व. को अंकहरू आवश्यकता अनुसार पूनर्वर्गीकरण गरिएको छ ।

५. अनुसूची १ देखि २७ सम्मका विवरणहरू प्रस्तुत वित्तीय विवरणको अभिन्न अंग हुन् ।

**राजेन्द्र कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**पुजन श्रेष्ठ**
सञ्चालक

**सुभाष अग्रवाल**
सञ्चालक

**तुलसी श्रेष्ठ**
सञ्चालक

**कृष्णहरी बुढाथोकी, सिए**
प्रबन्ध साझेदार
R.P.K.S. ASSOCIATES CHARTERED ACCOUNTANTS KATHMANDU NEPAL
निः आ.पि.के.एस. एसोसिएट्स
चार्टर्ड एकाउन्टेन्ट

**कृष्ण बहादुर गुभाजु**
सञ्चालक

**रमेश कुमार श्रेष्ठ**
कार्यवाहक अध्यक्ष

मितिः २०८०/०६/२९
स्थानः महाबौद्ध, काठमाडौं-२२, काठमाडौं ।



# १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट कोषाध्यक्ष श्री कृष्ण बहादुर गुभाजुले प्रस्तुत गर्नु भएको आ.व. २०८०/०८१ को प्रस्तावित नीति तथा कार्यक्रम र अनुमानित आय व्यय विवरण (बजेट) सहितको वित्तीय विवरण

कार्यक्रमका सभापति एवं संस्थाका अध्यक्षज्यू,

सल्लाहकारज्यूहरू,

संस्थापक अध्यक्षज्यू, सञ्चालक समितिका पदाधिकारी तथा सदस्यज्यूहरू,

लेखा सुपरीवेक्षण समितिका संयोजक तथा सदस्यज्यूहरू,

विभिन्न उपसमितिका संयोजक तथा सदस्यज्यूहरू,

सेयर सदस्य महानुभावहरू र कर्मचारी मित्रहरू ।



नेपालको संविधान, २०७३ ले अवलम्बन गरेको तीन खम्बे अर्थनीतिको एक प्रमुख खम्बाको रूपमा सहकारीलाई अङ्किकार गरेको छ । संघीय सहकारी ऐन र नियमावलीको साथसाथै बागमती प्रदेशको सहकारी ऐन तथा नियमावली समेतको पूर्ण कार्यान्वयनको लागि नियामक निकायहरूले विभिन्न निर्देशिका तथा कार्यविधिहरू समेत जारी गरेको अवस्था छ । सहकारी नियमनको अधिकार केन्द्र, प्रदेश र स्थानीय तीनै तहको सरकारलाई बाँडफाँट गरिए बमोजिम विद्यमान कानुन बमोजिम हाम्रो संस्था प्रदेश सरकारको नियमन क्षेत्र भित्र रहेको छ । मिति २०६४/४/१ गते विधिवत रूपमा तत्कालिन डिभिजन सहकारी कार्यालय, काठमाडौंमा दर्ता भई २०६४ असोज २५ गतेदेखि कारोवार शुरू गरेको यस चाइना ट्रेड बहुउद्देशीय सहकारी संस्था लि. ले विभिन्न आरोह अवरोहहरू पार गर्दै आजको अवस्थासम्म त्यांई पुऱ्याउन प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग र शुभेच्छा राख्नु हुने सम्पूर्ण महानुभावहरू प्रति यस अवसरमा सर्वप्रथम म हार्दिक सम्मान प्रकट गर्न चाहन्छु ।

सहकारी मुल्य र सिद्धान्तको आत्मसात गर्दै यस चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि. आफ्नो क्षमताले भ्याएसम्म इमान्दारिताका साथ सहकारी मुल्य र सिद्धान्तहरूको पूर्ण पालना गर्दै संस्थाको विनियममा उल्लेख भएको उद्देश्यहरू हासिल गर्न २०७६ साल भाद्र १४ गते सम्पन्न १२औं वार्षिक साधारण सभाबाट ४ वर्ष पदावधिको लागि सर्वसम्मत रूपमा निर्वाचित वर्तमान सञ्चालक समिति सदा सक्रिय रहँदै आएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

सहकारी एउटा यस्तो व्यवसाय हो जहां सदस्यहरूको संयुक्त रूपमा वित्तीय लगानी गरी व्यवसायबाट प्राप्त मुनाफा नियमानुसार वितरण गरिन्छ । सहकारी एउटा अविछिन्न उत्तराधिकारीवाला, स्वायत्त, स्वतन्त्र र उद्यमशील व्यवसायिक संगठन हो । सहकारी समुदायमा आधारित, सदस्य केन्द्रित र सहकारीको मुल्य, सिद्धान्त र मर्म अनुरूप सञ्चालन हुनु पर्दछ । समुदायमा छरिएर रहेको स्थानीय श्रोत, साधन र पुँजीलाई एकत्रित गरी व्यवस्थापन गर्ने कार्यकुशलता वा क्षमता अभिवृद्धि गरी सदस्यहरूको आर्थिक, सामाजिक र सांस्कृतिक आवश्यकता र आकांक्षा पूरा गर्ने संस्थागत माध्याम सहकारी नै हो ।

आ.व. २०७९/०८० मा संस्थाले लिएको लक्ष्य, हासिल गरेको उपलब्धी, आम सहकारी क्षेत्र प्रति धर्मराएको समुदायको विश्वास र विद्यमान असहज आर्थिक अवस्थालाई ध्यानमा राखि चालु आ.व. २०८०/०८१ को संस्थाको नीति तथा कार्यक्रम र अनुमानित आय व्यय विवरण प्रस्ताव गरेको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

**सभापति महोदय,**

अब म आ.व. २०८०/०८१ को लागि संस्थाको सञ्चालक समितिको तर्फबाट प्रस्तावित नीति तथा कार्यक्रम यस सम्मानित साधारण सभा समक्ष पेश गर्ने अनुमति चाहन्छु ।

१) चालु आर्थिक वर्षको मसान्तसम्ममा हाल कायम रहेको सदस्य संख्या १७१४ बाट १६.६८ प्रतिशतले वृद्धि गरी २००० पुऱ्याउने ।

२) २०८० असार मसान्तमा कायम रहेको संस्थाको सेयर पुँजी रू. ८,१६,९०,६००/- मा चालु आर्थिक वर्षमा ४.०५ प्रतिशतले वृद्धि गरी कुल चुक्ता सेयर पुँजी रू. ७ करोड ५० लाख पुऱ्याउने ।

३) २०८० असार मसान्तमा कायम रहेको रू. ३,५६,२३,००२.७६ मा चालु आर्थिक वर्षमा ६२.८१ प्रतिशतले वृद्धि गरी जगेडा कोष न्युनतम रू. ५ करोड ८० लाख पुऱ्याउने ।

४) २०८० असार मसान्तमा कायम रहेको निक्षेप रू. ४२,१८,६२,१४३.८३ मा चालु आर्थिक वर्षको मसान्तसम्ममा ४२.२२ प्रतिशतले वृद्धि गरी रू. ६० करोड पुऱ्याउने ।

५) २०८० असार मसान्तमा कायम रहेको ऋण लगानी रकम रू. ६५,३२,३३,७९०.४९ मा चालु आर्थिक वर्षको मसान्तसम्ममा कम्तीमा १४.८१ प्रतिशतले वृद्धि गरी रू. ७५ करोड पुऱ्याउने ।

६) राष्ट्रिय सहकारी बैंक लि. मा संस्थाको सेयर बढाउँदै लैजाने नीति अन्तर्गत चालु आ.व.मा थप रू. ६०,००,०००/- (अक्षरूपी साठी लाख रूपैयाँ) को थप सेयर खरिद गर्ने ।

७) हाल कायम रहेको संस्थाको बाह्य ऋण कम्तीमा ३०.५६ प्रतिशत घटाई रू. २०,००,००,०००/- को सीमा भित्र राख्ने ।

८) संस्थाको सहायक कम्पनी एक्सप्रेस इन्भेष्टमेन्ट प्रा. लि. को लगानी रहेको खिचापोखरी स्थित डिआरएन टावरको एक तला फ्ल्याट खरिद गरी सो स्थानमा संस्थाको कार्यालय स्थानान्तरण गर्ने ।

९) संस्थाको नाममा गैरबैंकिङ्ग सम्पत्ति र स्थिर सम्पत्ति (जग्गा) हरूलाई बिक्री वितरण गरी नगद सम्पत्तिमा परिणत गर्ने ।

१०) निरन्तर रूपमा संस्थाको व्यवस्थापकीय क्षमता अभिवृद्धि गरी संस्थाले उपलब्ध गराउने सेवाहरूको गुणस्तर सुनिश्चित गर्न ISO 9001:2015 Quality Management Systems संस्थामा लागु गर्ने प्रक्रियालाई निरन्तरता प्रदान गर्ने, राष्ट्रिय सहकारी बैंकद्वारा सञ्चालित CARE कार्यक्रमको सहभागितालाई निरन्तरता प्रदान गर्ने ।

११) केही प्रतिशत सेयर सदस्यहरू अझै अनिवार्य मासिक बचतको दायरामा नआइसकेको सन्दर्भमा संस्थाको शत्प्रतिशत सेयर सदस्यहरूले अनिवार्य मासिक बचत नियमित गर्न आवश्यक वातावरण निर्माणको लागि सेयर सदस्यहरूको बिचमा जागरण र सचेतनामुलक कार्यक्रमहरू सञ्चालन गर्ने, कुल बचतको कम्तीमा १२ प्रतिशत मासिक बचत पुऱ्याउने ।

१२) ७५ वर्ष उमेर पुरा भएका ज्येष्ठ सदस्यहरूलाई वार्षिक साधारण सभामा सम्मान गर्ने कार्यक्रमलाई निरन्तरता दिने, प्रत्येक वर्ष प्रति ज्येष्ठ सदस्य जनही रू. ४,०००/- (चार हजार) सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने कार्यलाई निरन्तरता दिने साथै उत्कृष्ट ५ जना सेयर सदस्यहरूको सम्मानलाई निरन्तरता प्रदान गर्ने ।

१३) ज्येष्ठ सदस्य, महिला सदस्य तथा बाल सदस्य संख्या वृद्धिको लागि विभिन्न प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने ।

१४) संस्थामा कायम रहेका सेयर सदस्यहरूबाट तोकिएको मापदण्डका आधारमा १०० जना सेयर सदस्य छनौट गरी छनौटमा परेको एक सेयर सदस्य वरावर तीन नयाँ सदस्य अभियान सञ्चालन गर्ने, वर्षभरिमा १० जना भन्दा बढी व्यक्ति संस्थामा आवद्ध गराउने सदस्यहरूलाई आगामी साधारण सभामा सम्मान गर्नुका साथै संस्थाबाट उपलब्ध हुने सेवा तथा सुविधाहरूमा विशेष प्राथमिकता दिने ।

१५) १ वर्षसम्म मासिक बचत नगर्ने, १ वर्षसम्म अन्य कुनै कारोवार नगर्ने र ३ वटा साधारण सभामा लगातार अनुपस्थित हुने सेयर सदस्यहलाई निष्क्रिय सदस्यको श्रेणीमा राखी सो को व्यवस्थापनको लागि सञ्चालन समितिले आवश्यक नीति बनाई लागु गर्ने ।

१६) २०७६ चैत्र मसान्त सम्म लगानी भएको र भाखा नाघेको ऋणलाई व्यवस्थापन गर्न साधारण सभाको मार्गनिर्देशन बमोजिम आवश्यक नीति र योजना बनाई लागु गर्ने र सो ऋणहरूलाई नियमित/चुक्ता भुक्तान/राफसाफ गर्ने व्यवस्था गर्ने ।

१७) संस्था स्थापना भएको दिन श्रावण १ र राष्ट्रिय सहकारी दिवस चैत्र २० लाई भव्यताका साथ मनाउने र उक्त दिवसहरू मनाउँदा सेयर सदस्य वृद्धिलाई प्राथमिकता दिने ।

१८) संस्थाको पहिचान बढाउन र सेयर सदस्यलाई प्रभावकारी सूचना सम्प्रेषण मार्फत संस्था र सदस्य बिचको दुरीलाई कम गर्न चालु आर्थिक वर्षमा संस्थाको प्रोफाईल, प्रोडक्ट क्याटलग, वार्षिक प्रतिवेदन, ब्रोसियर, संक्षिप्त वृतचित्र र २०८१ सालको वार्षिक क्यालेण्डर, संस्थाको लोगो अंकित कि रिङ र झोला छपाई तथा प्रकाशन गर्ने ।

१९) शिक्षा उपसमितिको आयोजनामा आवधिक रूपमा सहकारी शिक्षा शिविर नियमित रूपमा आयोजना गरी संस्थाको नीति, नियम, कार्यविधि र व्यवस्थाहरूको बारेमा नयाँ सेयर सदस्यहरूको बिचमा प्रभावकारी सञ्चार गर्ने,

२०) डिजिटल सहकारीको अवधारणा बमोजिम सूचना र प्रविधिको अधिकतम उपयोग गर्दै सेयर सदस्यहरूलाई छिटोछरिटो र स्तरीय सेवा प्रदान गर्न संस्थाले प्रयोग गरिरहेको सफ्टवयरको पूर्ण क्षमतामा उपयोग गर्ने, संस्थाको

वेबसाईटलाई नियमित रूपमा अद्यावधिक गर्ने, संस्थाको आधिकारिक फेसबुक तथा टुईटर पेजलाई थप प्रभावकारी र सूचनामुलक बनाउने, संस्थाको आफ्नै मोबाईल एप्स मार्फत मोबाईल बैंकिङ्गको पहुँचलाई गुणात्मक रूपमा निरन्तर वृद्धि गर्दै जाने, connetIPS र Corporate Pay सेवा उपयोग गरी संस्थाबाट प्रवाह हुने सेवालाई थप सुरक्षित, प्रभावकारी र व्यवस्थित बनाउँदै लैजाने ।

२१) वित्तीय बजारलाई निरन्तर रूपमा अनुगमन र विश्लेषण गरी समय सापेक्ष ब्याज दर बनाउनको लागि आवश्यक नीतिगत व्यवस्था गरी कार्यान्वयन गर्न सञ्चालक समितिलाई जिम्मेवारी दिने ।

२२) सञ्चालक समिति, लेखा सुपरीवेक्षण समिति, उपसमितिहरू र संस्थाको उच्च व्यवस्थापनलाई सहभागि गराई संस्थामा आवद्ध सदस्यहरूलाई कसरी उत्कृष्ट सेवा दिन सकिन्छ भन्ने बारेमा बुझ्न, सहकारीमा अग्रणी देशहरूको सहकारी सञ्चालन तथा व्यवस्थापन प्रणाली बारे बुझ्न, अध्ययन अवलोकन गर्न र सो मार्फत निकालिएका निष्कर्षहरू संस्थामा लागु गर्न चालु आ.व. मा राष्ट्रिय तथा अन्तरर्राष्ट्रिय स्तरमा समेत उपयुक्त सहकारी संघ, संस्था तथा निकायहरूको अवलोकन भ्रमण कार्यक्रम आयोजना गर्ने ।

२३) सहकारी सञ्चालनको लागि असल र प्रभावकारी नेतृत्व आवश्यक पर्ने भएकोले सञ्चालक समिति, लेखा समिति, उपसमितिहरू र कर्मचारीहरूलाई सम्पत्ति शुद्धिकरण निवारण, पल्स अनुगमन प्रणाली, नेतृत्व विकास, अनुगमन तथा मुल्याङ्कन लगायत अन्य विभिन्न विधाको तालिम, गोष्ठी तथा सेमिनारको व्यवस्था गर्ने कार्यलाई निरन्तरता दिने ।

२४) दीर्घकालिन रूपमा संस्थाको स्थायित्वलाई ध्यानमा राखी ऋण लगानीका क्षेत्रहरूलाई विविधिकरण गर्दै व्यक्तिगत धन जमानीमा जाने ऋणलाई क्रमश कम गर्दै धितो सुरक्षण लिई गरिने ऋण लगानीलाई उच्च प्राथमिकता दिने कार्यलाई निरन्तरता दिने । चालु वर्षको अन्त्यसम्ममा कुल ऋण लगानी मध्ये कम्तीमा ७० प्रतिशत धितो सुरक्षण भएको ऋण लगानी गर्ने ।

२५) सदस्यहरूलाई विभिन्न प्रकारको बचत सेवा दिनुपर्छ भन्ने मान्यता राखी चालु आर्थिक वर्षमा बचत तथा ऋण दुवैमा कम्तीमा १/१ वटा नयाँ स्कीम कार्यान्वयनमा ल्याउने ।

२६) संस्थामा आवद्ध सेयर सदस्यहरूलाई राहात तथा सुविधा उपलब्ध गराउँदै जाने नीति बमोजिम निश्चित रकम वार्षिक रूपमा संस्थाले सदस्य कल्याण कोषमा थप गर्दै जाने गरी सदस्य कल्याण कोष सञ्चालनलाई निरन्तरता प्रदान गर्ने र सो कोषबाट सेयर सदस्य राहात तथा सुविधा कार्यविधि बमोजिम सेयर सदस्यहरूलाई विभिन्न राहात र सुविधा प्रदान गर्ने ।

२७) संस्थाले लगानी गर्ने ऋणलाई थप सुरक्षित गर्न ऋण बीमा सम्बन्धी उपयुक्त नीतिगत व्यवस्था गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

२८) मावन संशाधन विकासलाई उच्च प्राथमिकता दिने, उचित जिम्मेवारी, प्रभावकारी अनुगमन र मुल्यांकन, वृति विकास, क्षमता अभिवृद्धि गर्न समय सापेक्ष रूपमा कर्मचारी सेवा विनियमावली लागु गरेको सन्दर्भमा संस्थाले तय गरेको लक्ष्य हासिल गर्न निश्चित तह भन्दा माथिका प्रत्येक कर्मचारीलाई त्रैमासिक रूपमा हासिल गर्नुपर्ने लक्ष्य सहितको वार्षिक जिम्मेवारी प्रदान गर्न संस्थाको उच्च व्यवस्थापनलाई मार्गनिर्देश गर्ने ।

२९) नियामक निकायद्वारा जारी सहकारी संस्था एकीकरण सम्वन्धि नीति र कार्यविधि बमोजिम उपयुक्त संस्थाहरूको पहिचान गरी ती संस्थाहरूलाई संस्थामा एकीकरण गर्ने ।

३०) काठमाडौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि., जिल्ला सहकारी संघ लि. काठमाडौं, बागमती प्रदेश सहकारी संघ लि., नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि., राष्ट्रिय सहकारी बैंक लि. र एशियाली ऋण महासंघको आवद्धतालाई विगत वर्षहरूमा झै यस वर्ष पनि निरन्तरता दिने ।

३१) सञ्चालक समितिले साधारण सभामा प्रस्ताव गरेको बचत कार्यविधि र ऋण व्यवस्थापन कार्यविधि पारित गरी सो लागु गर्ने ।

**आदरणीय सेयर सदस्य महानुभावहरू,**

अब म आर्थिक वर्ष २०८०/०८१ को लागि अनुमानित आय व्यय (बजेट) सहितको वित्तीय विवरण यस सम्मानित साधारण सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु :

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## अनुमानित वित्तीय स्थितिको विवरण (वासलात)

३१ आषाढ २०८१ (तदनुसार १५ जुलाई, २०२४)

| पुँजी तथा दायित्व | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| सेयर पुँजी हिसाब | १ | ८५,०००,०००.०० | ८१,६९०,६००.०० |
| कोष हिसाब | २ | ६९,०७३,३८९.६१ | ३९,३७७,७८८.७९ |
| बचत तथा निक्षेप | ३ | ६००,०००,०००.०० | ४२१,८६२,१४३.८३ |
| बाह्य ऋण तथा सापटी | ४ | २००,०००,०००.०० | २८८,०५४,४०२.८७ |
| पुँजीगत अनुदान | ५ | - | - |
| कर्जा नोक्सानी व्यवस्था | १४क | ३५,९५०,०००.०० | २५६,२१४,१७२.३३ |
| चालु दायित्व तथा व्यवस्था | ६ | २,५००,०००.०० | १,८४१,४२५.८० |
| कर दायित्व | ७ | - | - |
| अन्य चालु दायित्व | ८ | ४,१५०,०००.०० | २,८९२,३७३.७९ |
| दीर्घकालिन दायित्व | ९ | १०,९००,०००.०० | १०,०५१,६७५.८५ |
| स्थगन कर दायित्व | १० | - | - |
| खुद सञ्चित मुनाफा | | - | (२५५,८४६,७१८.०२) |
| **जम्मा** | | **१,००७,५७३,३८९.६१** | **८४६,१३७,८६५.२४** |
| **नगद मौज्दात** | **११** | **१२,२१०,४३६.६१** | **२४,१२५,२७४.६४** |
| बैंक तथा वित्तीय संस्थामा मौज्दात | १२ | ८६,०००,०००.०० | २६,६१७,६२४.९२ |
| लगानी हिसाब | १३ | ९१,८१५,०००.०० | ६२,४११,७५४.४६ |
| कर्जा तथा सापट लगानी | १४ | ७५०,०००,०००.०० | ६५३,२३३,७९०.४९ |
| चालु सम्पत्ति | १५ | १८,०००,०००.०० | ३८,०९९,२२२.०३ |
| अन्य दीर्घकालिन सम्पत्ति | १६ | - | - |
| लगानी सम्पत्ति (जग्गा) | | - | ३९,५४७,९५३.०० |
| स्थगन कर सम्पत्ति | १७ | - | - |
| जायजेथा तथा उपकरण | १८ | ४९,५४७,९५३.०० | २,१०२,२४५.७० |
| **जम्मा** | | **१,००७,५७३,३८९.६१** | **८४६,१३७,८६५.२४** |

संलग्न अनुसूचीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन् ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## अनुमानित नाफा/नोक्सान हिसाबको विवरण

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्मको

| विवरण | अनुसूची | यस वर्ष | गत वर्ष |
|---|---|---|---|
| १. ऋण लगानीबाट ब्याज आम्दानी | १९ | ११५,०००,०००.०० | ७०,९८५,०३५.८६ |
| २. बचतमा ब्याज खर्च | २० | ५७,५००,०००.०० | ४७,६२५,०२१.३७ |
| ३. बाह्य ऋण तथा सापटीमा ब्याज खर्च | २१ | ३५,०००,०००.०० | ४२,१९९,४४९.५० |
| **खुद ब्याज आम्दानी/(खर्च)** | | **२२,५००,०००.००** | **(१८,८३९,४३५.०१)** |
| शुल्क तथा कमिशन आय | २२ | ६,५००,०००.०० | ४,७२२,४११.१० |
| शुल्क तथा कमिशन खर्च | २३ | ९५०,०००.०० | ६०२,१२९.६७ |
| **खुद शुल्क तथा कमिशन आय** | | **५,५५०,०००.००** | **४,१२०,२८१.४३** |
| अन्य लगानीबाट आम्दानी | २४ | - | ४,५७४,२६६.१४ |
| अन्य सञ्चालन आम्दानी | २५ | ५,५००,०००.०० | ३,१५९,४७२.१८ |
| **खुद लगानी तथा सञ्चालन आम्दानी** | | **५,५००,०००.००** | **७,७३३,७३८.३२** |
| ४. कर्मचारी खर्च | २१ | १२,५००,०००.०० | ९,८२३,९८५.४६ |
| ५. अन्य सञ्चालन खर्च | २२ | ७,५००,०००.०० | ८,८८९,९५५.५६ |
| ६. ह्रासकट्टी खर्च तथा अपलेखन खर्च | १८ | १,०५०,०००.०० | ६२५,१११.३६ |
| **नोक्सानी व्यवस्था अधिको सञ्चालन मुनाफा** | | **१२,५००,०००.००** | **(२६,३२४,४६७.६४)** |
| ७. सम्भावित कर्जा नोक्सानी व्यवस्थामा थप | १४स | - | २२९,५२२,२५०.३८ |
| **सञ्चालन मुनाफा/(नोक्सान)** | | **१२,५००,०००.००** | **(२५५,८४६,७१८.०२)** |
| ९. सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | | २२०,५८९,१७२.३३ | - |
| **नियमित कारोवारबाट भएको मुनाफा/(नोक्सान)** | | **२३३,०८९,१७२.३३** | **(२५५,८४६,७१८.०२)** |
| असामान्य कारोवारबाट भएको आम्दानी/(खर्च) | | ४०,०००,०००.०० | - |
| **सम्पुर्ण कारोवार समावेश पछिको खुद मुनाफा** | | **२७३,०८९,१७२.३३** | **(२५५,८४६,७१८.०२)** |
| कर्मचारी बोनस व्यवस्था | | १,७२४,२४५.४३ | - |
| **कर अघिको नाफा/(नोक्सान)** | | **२७१,३६४,९२६.९०** | **(२५५,८४६,७१८.०२)** |
| आयकर खर्च | | | |
| यस वर्षको आयकर खर्च | ७ | २,३२७,७३१.३३ | - |
| विगत वर्षहरूको कर खर्च | | - | - |
| यस वर्षको स्थगन कर आम्दानी/खर्च | | - | - |
| **खुद नाफा/(नोक्सान)** | | **२६९,०३७,१९५.५७** | **(२५५,८४६,७१८.०२)** |

संलग्न अनुसूचीहरू यस वित्तीय विवरणका अभिन्न अंग हुन् ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## अनुमानित कोष बाँडफाँड हिसाब

१ श्रावण २०८० देखि ३१ आषाढ २०८१ सम्मको

| विवरण | अनुसूची | यस आ.व. को | गत आ.व. को |
|---|---|---|---|
| यस आ.व. को सञ्चित मुनाफा | | २६९,०३७,१९५.५७ | - |
| यस आ.व. को नाफा/नोक्सान | | (२५५,८४६,७१८.०२) | (२५५,८४६,७१८.०२) |
| **जम्मा** | **क** | **१३,१९०,४७७.५५** | **(२५५,८४६,७१८.०२)** |
| **कोषमा बाँडफाँड** | | | |
| साधारण जगेडा कोष (२५ प्रतिशत) | २५% | ३,२९७,६१९.३९ | - |
| सरक्षित पुँजी फिर्ता कोष (२५ प्रतिशत) | २५% | २४७३२१४.५४ | - |
| सहकारी प्रवर्द्धन कोष (०.५ प्रतिशत) | ०.५% | ४९,४६४.२९ | - |
| **बाँडफाँड गर्न बाँकी मुनाफा** | **१००%** | **७,३७०,१७९.३३** | - |
| सेयर लाभांश कोष | ७०% | ५,१५९,१२५.५३ | - |
| सहकारी शिक्षा कोष | ५% | ३६८,५०८.९७ | - |
| सहकारी विकास कोष | ५% | ३६८,५०८.९७ | - |
| घाटापूर्ति कोष | ५% | ३६८,५०८.९७ | - |
| सामुदायिक विकास कोष | ५% | ३६८,५०८.९७ | - |
| स्थिरीकरण कोष | ५% | ३६८,५०८.९७ | - |
| अन्य जोखिम व्यवस्थापन कोष | ५% | ३६८,५०८.९७ | - |
| कर्मचारी बोनस कोष | | - | |
| **जम्मा** | **ख** | **१३,१९०,४७७.५५** | - |
| **खुद सञ्चित मुनाफा** | **क-ख** | - | **(२५५,८४६,७१८.०२)** |

### अन्त्यमा,

संस्थाको यस १६औं वार्षिक साधारण सभामा सञ्चालक समितिको तर्फबाट प्रस्तुत गरिएको उल्लेखित नीति तथा कार्यक्रम र अनुमानित आय व्यय (बजेट) सहितको वित्तीय विवरण सम्बन्धमा सेयर सदस्यहरूको रचनात्मक राय, सुझाव, सल्लाहको अपेक्षा सहित प्रस्तावित नीति तथा कार्यक्रम र बजेट यस सम्मानित १६औं वार्षिक साधारण सभाबाट स्वीकृत गरिदिनु हुन सम्पूर्ण सेयर सदस्यज्यूहरू समक्ष अनुरोध गर्दै यो प्रतिवेदन यही अन्त गर्न चाहन्छु ।

धन्यवाद ! जय सहकारी !!

**कृष्ण बहादुर गुभाजु**
कोषाध्यक्ष

मितिः २०८० मंसिर ६ गते, बुधबार
स्थानः का.म.पा. वडा नं. ११, कार्की बैंक्वेट, माइतीघर, काठमाडौं ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## सेयर सदस्यले बहन गर्नुपर्ने जिम्मेवारी

१. प्रत्येक साधारण सदस्य संस्थाले सुरक्षित ढंगले काम गरिरहेको छ छैन, समय-समयमा संस्थालाई आफ्नो बचत रकम सुरक्षित भए नभएको हेर्नु पर्दछ ।

२. संस्थाको साधारणसभामा सहभागी भई वर्ष भरी गरेको आर्थिक, व्यावसायिक, सामाजिक, साँस्कृतिक क्रियाकलापका बारेमा जानकारी लिई चित्त नबुझेका, गलत ढंगले सम्पादन गरिएका विषयहरूमा अन्तरक्रिया गर्ने, गल्ती गर्ने उपर कारबाहीको माग गर्ने, असल काम गर्नेको प्रशंसा गर्ने, पुरस्कारका लागि पहल गर्ने, भावी योजना तर्जुमा र कार्यक्रम निर्धारणमा सुझाव दिने ।

३. संस्थाको सञ्चालक समिति, लेखा समिति र उपसमितिको व्यवस्थापकीय पदहरूमा बसी कार्य गर्ने, संस्थाका क्रियाकलापहरूबारे अनुगमन, मूल्यांकन गर्ने कार्यमा सदा सक्रिय सहभागी हुनु पर्दछ । सबै समिति वा उपसमितिले गरेका कार्यमा निगरानी गर्नुपर्छ ।

४. सदस्य आफूले उत्पादन गरेको वस्तु तथा सेवा आफ्नो संस्थामा खरिद बिक्री गर्ने र संस्थाले उपलब्ध गराएको वस्तु तथा सेवा उपयोग गर्नु पर्दछ ।

५. प्रत्येक सदस्यले संस्थामा हुने निर्णय र क्रियाकलापको बारेमा जानकारी लिने र अन्य सदस्यहरूलाई समेत जानकारी दिने रायप्रतिक्रिया वा सुझाव भए सञ्चालक समितिलाई दिने गलत निर्णयको विरोध गर्ने कार्यमा पछि नपर्ने ।

६. सहकारी संस्थाले आफ्नो संस्थामा के-कस्ता निर्णय र कारबाही भइरहेका छन्, त्यस्ता काम कारबाहीले संस्था र सदस्यहरूको हित गर्छ, गर्दैन ? संस्थामा धाँधली वा हिनामीना र भ्रष्टाचार भएको छ कि ? पक्षपातपूर्ण व्यवहार भएको छ कि ? त्यस्ता नियन्त्रणमूलक पक्षहरूमा समेत चनाखो भएर ध्यानदृष्टि पुर्‍याउनु पर्दछ ।

७. संस्थाको कारोवारमा अनियमितता भएको जानकारी भएमा यथाशीघ्र अन्य सदस्यहरूमा, लेखा समितिमा, साधारणसभामा, सम्बन्धित डिभिजन सहकारी कार्यालयमा र सम्बन्धित संघहरूमा लिखित जानकारी गराउनु पर्दछ ।

८. संस्थाका प्रत्येक शंकास्पद क्रियाकलापका बारेमा सञ्चालक समितिको बैठकमा, लेखा समितिमा सम्बन्धित निकायहरूमा लिखित उजुरी दिनुपर्दछ । साधारणसभा लगायतका सहकारी संस्थाका प्रत्येक व्यवस्थापकीय अंगमा निर्णयका लागि पेस गरिएका प्रस्तावहरू सबै ठीक र उपयुक्त नहुन सक्छन् बुझेर ठीक भए मात्र स्वीकार गर्नु पर्दछ ।

९. माथि उल्लेखित विभिन्न विषयमा चासो राखेर छलफल अन्तरक्रिया समेत गर्नु पर्दछ । अन्यथा तपाईंको बचत, सेयर तथा व्यक्तिगत योगदानसमेत डुब्न सक्छ । संस्थाको प्रत्येक सदस्यको क्रियाशील सहभागीताले संस्थामा नियन्त्रण र सन्तुलनको काम मात्र गर्दैन, संस्थाको उन्नतिका साथै आफ्नो समेत उन्नति, प्रगति हुनेमा कुनै शंका छैन ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## बिक्रम सम्वत् २०८० सालको संस्था विदाको सूची

| क्र.स | विवरण | गते | तारिख | कैफियत |
|---|---|---|---|---|
| १ | नववर्ष | २०८०/०१/०१/६ | २०२३/०४/१४/६ | |
| २ | विश्व मजदुर दिवस | २०८०/०१/१८/२ | २०२३/०५/०१/२ | |
| ३ | बुद्ध जयन्ती | २०८०/०१/२२/६ | २०२३/०५/०५/६ | |
| ४ | गणतन्त्र दिवस | २०८०/०२/१५/२ | २०२३/०५/२९/२ | |
| ५ | रक्षाबन्धन तथा गाईजात्रा | २०८०/०५/१४/५ | २०२३/०८/३१/५ | |
| ६ | श्रीकृष्ण जन्माष्टमी | २०८०/०५/२०/४ | २०२३/०९/०६/४ | |
| ७ | हरितालिका (तीज) | २०८०/०६/०१/२ | २०२३/०९/१८/२ | |
| ८ | संविधान दिवस | २०८०/०६/०३/४ | २०२३/०९/२०/४ | |
| ९ | घटस्थापना | २०८०/०६/२८/१ | २०२३/१०/१५/१ | |
| १० | दशै विदा (फुलपातीदेखि द्वादशीसम्म) | २०८०/०७/०४/७ देखि<br>२०८०/०७/०९/५ सम्म | २०२३/१०/२१/७ देखि<br>२०२३/१०/२६/५ सम्म | |
| ११ | तिहार विदा | २०८०/०७/२६/१ देखि<br>२०८०/०७/३०/५ सम्म | २०२३/११/१२/१ देखि<br>२०२३/११/१६/५ सम्म | |
| १२ | योमरी पुन्हि-ज्यापु दिवस (धान्यपूर्णिमा) | २०८०/०९/१०/३ | २०२३/१२/२६/३ | |
| १३ | पृथ्वी जयन्ति | २०८०/०९/२७/६ | २०२४/०१/१२/६ | |
| १४ | माघी पर्व/माघे सक्रान्ति | २०८०/१०/०१/२ | २०२४/०१/१५/२ | |
| १५ | राष्ट्रिय प्रजातन्त्र दिवस | २०८०/११/०७/२ | २०२४/०२/१९/२ | |
| १६ | महाशिवरात्री/अन्तर्राष्ट्रिय महिला दिवस | २०८०/११/२५/६ | २०२४/०३/०८/६ | |
| १७ | फागुपूर्णिमा | २०८०/१२/११/१ | २०२४/०३/२४/१ | |

**द्रष्टव्यः**

(१) नेपाल सरकारले सार्वजनिक विदाको घोषणा गरेमा सो दिन संस्था विदा हुनेछ ।

(२) प्रत्येक शनिवार विदा ।

(३) कार्यालय समयः

क) २०८० वैशाख १ गतेदेखि २०८० कात्तिक १५ गतेसम्म तथा २०८० माघ १६ गतेदेखि २०८० चैत्र मसान्तसम्म बिहान १०:०० बजेदेखि साँझ ६:०० बजेसम्म ।

ख) २०८० कार्तिक १६ गतेदेखि २०७९ माघ १५ गतेसम्म बिहान १०:०० बजेदेखि साँझ ५:०० बजेसम्म ।

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## संस्था दर्ता गर्दाको अवस्थामा रहेका सेयर सदस्यहरूको नामावली (२०६४/०४/०१)

| क्र.सं. | नाम थर | कैफियत |
|---|---|---|
| १ | श्री दुर्गा बहादुर श्रेष्ठ | |
| २ | श्री तीथ बहादुर गुरूङ | |
| ३ | श्री नरेश कुमार श्रेष्ठ | हाल सदस्य नरहेको |
| ४ | श्री देवेन्द्र कुमार गौतम | |
| ५ | श्री तुल्सी श्रेष्ठ | |
| ६ | श्री सुभाष अग्रवाल | |
| ७ | श्री रमेश कुमार श्रेष्ठ | |
| ८ | श्री दिपेन्द्र राज श्रेष्ठ | |
| ९ | श्री राजेन्द्र कुमार श्रेष्ठ | |
| १० | श्री तेजकाजी श्रेष्ठ | |
| ११ | श्री राधाकृष्ण श्रेष्ठ | |
| १२ | श्री राजेश श्रेष्ठ | |
| १३ | श्री रामेश्वर श्रेष्ठ | |
| १४ | श्री राधाकृष्ण मानन्धर | |
| १५ | श्री महेन्द्र पराजुली | |
| १६ | श्री गीता पराजुली | |
| १७ | श्री शिखा अग्रवाल | हाल सदस्य नरहेको |
| १८ | श्री पवन कुमार अग्रवाल | हाल सदस्य नरहेको |
| १९ | श्री सुदिप कुमार रेग्मी | |
| २० | श्री बनाथकाजी श्रेष्ठ | |
| २१ | श्री श्रवण कुमार योगल श्रेष्ठ | |
| २२ | श्री केशवमान श्रेष्ठ | |
| २३ | श्री अर्जुन कार्की | |
| २४ | श्री जय प्रसाद प्रसाई | |
| २५ | श्री ओम प्रसाद उप्रेती | |
| २६ | श्री बासुदेव गौतम | |
| २७ | स्व. श्री बेदलाल श्रेष्ठ | हाल सदस्य नरहेको |
| २८ | श्री परमेश्वर श्रेष्ठ | |
| २९ | श्री सुरेन्द्र कुमार योगल | |

## संस्थामा कार्यरत जनशक्तिको विवरण

२०८० असार मसान्त

| क्र.सं. | नाम थर | पद | श्रेणी | कैफियत |
|---|---|---|---|---|
| १. | राजेन्द्र कुमार श्रेष्ठ | प्रमुख कार्यकारी अधिकृत | व्यवस्थापन | |
| २. | चण्डिका थापा | वरिष्ठ अधिकृत | अधिकृत | |
| ३. | निशा श्रेष्ठ | सहायक अधिकृत | अधिकृत | |
| ४. | मेघराज भण्डारी | वरिष्ठ सहायक | सहायक | |
| ५. | मौसमी कायस्थ | सहायक | सहायक | |
| ६. | सुष्मा ठकुरी | सहायक | सहायक | |
| ७. | सुजना खुड्टे | सहायक | सहायक | |
| ८. | अप्सना लामा | कनिष्ठ सहायक | सहायक | |
| ९. | स्वेता पन्त | कनिष्ठ सहायक | सहायक | |
| १०. | अनिशा थपलिया | कनिष्ठ सहायक | सहायक | |
| ११. | निर्मला महर | कनिष्ठ सहायक | सहायक | |
| १२. | दिपा श्रेष्ठ | कनिष्ठ सहायक | सहायक | |
| १३. | दिनेश बहादुर रेग्मी | कनिष्ठ सहायक | सहायक | |
| १४. | रसिल मानन्धर | प्रशिक्षार्थी सहायक | सहायक | |

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

महाबौद्ध, काठमाडौं महानगरपालिका-२२, काठमाडौं

## उपसमितिहरूको विवरण

२०८० असार मसान्त

### ऋण उपसमिति (संस्थाको पुनर्लिखित विनियम, २०७८ को दफा ४०(३)(ख) बमोजिम गठित)

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री कृष्ण बहादुर गुभाजु | संयोजक | कोषाध्यक्ष, सञ्चालक समिति |
| २ | श्री बासु श्रेष्ठ | सदस्य | सेयर सदस्य |
| ३ | श्री गोविन्द घिमिरे | सदस्य | सेयर सदस्य |

### शिक्षा उपसमिति (संस्थाको पुनर्लिखित विनियम, २०७८ को दफा ४०(३)(ग) बमोजिम गठित)

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेश कुमार श्रेष्ठ | संयोजक | उपाध्यक्ष, सञ्चालक समिति |
| २ | श्री पदम बहादुर गुरूङ | सदस्य | सेयर सदस्य |
| ३ | श्री नारायणकाजी श्रेष्ठ | सदस्य | सेयर सदस्य |

### कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति (संस्थाको कर्मचारी सेवा विनियमावलीको नियम ९ सँग सम्बन्धित)

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेश कुमार श्रेष्ठ | संयोजक | कार्यवाहक अध्यक्ष, सञ्चालक समिति |
| २ | श्री कृष्ण बहादुर गुभाजु | सदस्य | कोषाध्यक्ष, सञ्चालक समिति |
| ३ | श्री राजेन्द्र कुमार श्रेष्ठ | सदस्य सचिव | प्रमुख कार्यकारी अधिकृत |

### पदपूर्ति समिति (संस्थाको कर्मचारी सेवा विनियमावलीको नियम १० सँग सम्बन्धित)

| क्र.सं. | नाम थर | पद | कैफियत |
|---|---|---|---|
| १ | श्री रमेश कुमार श्रेष्ठ | संयोजक | कार्यवाहक अध्यक्ष, सञ्चालक समिति |
| २ | श्री कुल प्रसाद पाण्डे | सदस्य | विशेषज्ञ सदस्य, सेयर सदस्य |
| ३ | श्री राजेन्द्र कुमार श्रेष्ठ | सदस्य | प्रमुख कार्यकारी अधिकृत |

## "दिगो विकास लक्ष्य प्राप्तिका लागि हामी प्रतिवद्ध छौं"

१ गरिबीको अन्त्य

२ शून्य भोकमरी

३ आरोग्यता तथा कल्याण

४ गुणस्तरीय शिक्षा

५ लैङ्गिक समानता

६ सफा पानी तथा सरसफाई

७ खर्चले धान्न सक्ने स्वच्छ ऊर्जा

८ मर्यादित काम तथा आर्थिक वृद्धि

९ उद्योग, नवीन सोच र पुर्वाधार

१० न्यून असमानता

११ दीगो सहर र समुदायहरु

१२ जिम्मेवारपूर्व उपभोग तथा उत्पादन

१३ जलवायु सम्बन्धी कारवाही

१४ जलमुनिको जीवन

१५ जमिनमाथिको जीवन

१६ शान्ति न्याय र सशक्त संस्थाहरु

१७ यी लक्ष्यका लागि साझेदारी

THE GLOBAL GOALS
For Sustainable Development

चाइना ट्रेड
बहुउद्देश्यीय सहकारी संस्था लि.

## "बचतले हाम्रो विकासलाई दिगो बनाउँछ ।"



## आवद्धता

काठमाडौं जिल्ला बहुउद्देश्यीय सहकारी संघ लि.

जिल्ला सहकारी संघ लि. काठमाडौं

बागमती प्रदेश सहकारी संघ लि.

राष्ट्रिय सहकारी बैंक लि.

नेपाल बहुउद्देश्यीय केन्द्रीय सहकारी संघ लि.

एशियाली ऋण महासंघ

# चाइना ट्रेड बहुउद्देश्यीय सहकारी संस्था लि.

# China Trade Multipurpose Co-operative Ltd.

P.O. Box No. 25464, DRN Tower
Mahabouddha, Kathmandu, Nepal
Tel.: 5714002, 5714048
Email: info@**chitcol**.com
Website : www.**chitcol**.com